# अध्याय-एक परिचय(CHAPTERONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल गाँउ नै गाँउले भरिएको देश भएको हुँदा नै हरेक विकासात्मक क्रियाकलापमा स्थानिय जनताको आवश्यकता र सहभागिताबाट नै चेतना र विकासको स्तरमा परिवर्तन ल्याउन सकिन्छ । मानव सभ्यताको विकासदेखि नै सहकारीताको विकास भएको पाइन्छ । कमिला मौरीले आ-आफ्नो समुहमा आवद्ध रही कार्य गर्ने परिपाटी नै सहकारी विकासको मूल कारण हो । नेपाल गाँउ नै गाँउले भरिएको देश भएकाले नै हरेक विकासात्मक कृयाकलापमा स्थानिय जनताको आवश्यकता र सहभागिताबाट नै चेतना र विकासको स्तरमा परिवर्तन ल्याउन सकिन्छ । यस प्रकारको अर्थतन्त्रमा सहकारीमा ठूलो महत्व रहन्छ(रा.स.वि. बो, २०६६) ।

नेपालमा सहकारीको प्राचिन रुप भनेको तत्कालिन स्थान विशेषमा प्रचलित विभिन्न प्रथाहरु नै हुन् । जस्तो नेपालको पश्चिममा प्रचलित ढिकुरी, पूर्वी भेगमा पर्मा साथै उपत्यकाको मंकाखाल तथा गुठी सामुहिक कृयाकलाप गर्ने प्रथा हुन् । जस अन्तर्गत सहकारीताको भावना अनुरुप सामुहिक रुपमा काम गर्ने गरिन्थ्यो । वि.सं.२०१० मा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग स्थापनाबाट संस्थागत रुपमा सहकारीताको विकास शुरु भएको हो । वि.सं.२०११ सालमा बाढी पिडित जनतालाई वसोवास गराउन नेपाल सरकारबाट वहुमुखी विकास योजना प्रारम्भ गर्दा सहकारी संस्था दर्ता गर्न महसुस गरियो । यसैको फलस्वरुप वि.सं.२०१३ सालमा नै अमेरिकाको सहयोगमा संचालित विकास आयोजना अन्तर्गत चितवन जिल्लाको शान्ति पुलमा १३ वटा वचत तथा ऋण सहकारी संस्था दर्ता गरिए । वि.सं. २०१५ सालमा विभाग ग्राम विकास वैंकको प्रशासनिक नियन्त्रणमा सहकारी सम्बन्धि कार्यहरु अगाडि बढाईयो (पौडेल ,२०६०)।

सहकारी भनेको त्यस्ता मानिसहरुको संगठन हो । जुन स्वेच्छिक रुपमा एकजुट भई आफ्ना आर्थिक, सामाजिक आवश्यकता र आकांक्षाको परिपूर्ति, प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा आधारीत पद्धति मार्फत गर्न चाहन्छन् । यसमा 'म' को सट्टा हामीहरु र हाम्रा

लागि आर्थिक तथा सामाजिक उद्यम गरौ भन्ने मुल नारा रहेको हुन्छ । सामुहिक प्रयासद्वारा मानव जीवन पद्धतिको हरेक क्षेत्र जस्तो कृषि, घरेलु साना उद्योग तथा मझौला व्यवसायको संचालन तथा प्रवर्द्धन सामुहिक सेवाहरुको विस्तार एवं परिचालन सहकारीको माध्यमबाट हुन सक्छ (स.प्र.के., २०६६)।

आफ्ना निश्चित उद्देश्य, आवश्यकता र व्यवसायको समाधानका निम्ति व्यक्तिहरुको सामुदायिक संलग्नता, निरन्तर आर्थिक सहभागिता वा पूजीँगत योगदान, प्रजातान्त्रिक ढंगबाट समान मान्यताहरुको अवलम्वन गरी लक्षित उद्देश्यको परिपूर्ति, संस्थाको प्रवर्द्धन स्वामित्व र नियन्त्रण व्यक्ति (सदस्य) हरुको आफ्नो आवश्यकता पुरा हुने गरी गरिने एउटा पद्धति नै सहकारी हो । अन्तराष्ट्रिय सहकारी महासंघ (International co-operative Alliance/ICA) ले सहकारीको परिभाषित गर्दै यसले भनेको छ –संयुक्त स्वामित्व र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरुको स्वेच्छिक सहभागिताबाट गठित स्वायत्त संगठन जसले उनीहरुको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षाको परिपूर्ति गर्दछ जसलाई सहकारी भनिन्छ । स्व-सहयोग (Self Neip), स्व-उत्तरदायी (Self Responsibility), प्रजातन्त्र (Democracy), समानता (Equility), समता (Equity), एकवद्धता (Solidarity), इमान्दारिता (Honesty), खुल्लापन (Openness), सामाजिक उत्तरदायित्व (Social Responsibility) र अरुको हेरविचार (Caring for others) जस्ता आधारभूत र नैतिक भूलहरुलाई आत्मसाथ गरेको यस सहकारी क्षेत्रको प्रारम्भ नै बेरोजगारी, शोषण, विपन्नता, दरिद्रता, प्राकृतिक विपत्ति जस्ता समस्याहरुलाई सामुहिक रुपबाट समाधान गर्ने उद्देश्यले भएको हो (शर्मा ,२०६९)।

सहकारी ऐन २०४८ अन्तर्गत स्थापना भई सिमित वैंकिङ्ग कारोवार गर्न ईजाजत प्राप्त गरेका सहकारी संस्थाहरुले नेपाल राष्ट्र वैंकद्वारा जारी गरिएको निर्देशनको अधिनमा रही सिमित बैकिङ्ग कारोवार गर्दै आएका छन् । २०६८ फाल्गुण मसान्तमा यस्ता संस्थाहरुको संख्या १५ र राष्ट्रिय सहकारी विकास बैंक समेत गरी जम्मा १६ रहेको छ । मुलुकको कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान १% रहेकोमा क्रमशः वृद्धि हुदै गईरहेको छ । वित्तिय क्षेत्रमा यसको योगदान ७% पुगेको अनुमान छ । समग्रमा सहकारी क्षेत्रबाट वार्षिक रु.६३ अरव भन्दा बढिको कारोवार संञ्चालन हुने गर्दछ । विभिन्न क्षेत्रका सहकारी संस्थाको शेयर पूँजी रु.३ अर्व ६३ करोड पुगेको छ । त्यसै गरी करिव रु.१५

हजारको संख्यामा विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेको छ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा, उद्योग, व्यापार सेवा व्यावसायद्वारा लाखौं व्यक्तिहरुको रोजगारी दिने कार्य गरेको छ(कोइराला, २०६६) ।

देशका ७५ वटै जिल्लाका २ हजार ४ सय गा.वि.स. तथा ३५ नगरपालिकामा महिला विकास कार्यक्रम अन्तर्गत लैङ्गिक समानता, महिला सशक्तिकरण एवं सामाजिक समावेशिकरणका पक्षमा सामाजिक परिचालन, लक्षित विपन्न महिलाहरुको समुह गठन तथा संस्थागत विकास, आधारभुत एवं विषयगत लक्षित विपन्न महिलाहरुको समुह गठन तथा आधारभुत एवं विषयगत प्रशिक्षणका माध्यमबाट अभिकार्य प्रवर्द्धन, आंशिक सशक्तिकरण, किशोरी विकास जस्ता कार्यक्रमहरु सञ्चालित छन् । जिल्ला स्तरमा लैङ्गिक सम्पर्क निकायको रुपमा महिला विकास कार्यालयबाट अधिवाचन, सामान्य एवं सञ्जालिकीकरण, किशोरी विकास जस्ता कार्यक्रमहरु सञ्चालित छन् । जिल्ला स्तरमा लैङ्गिक सम्पर्क निकायको रुपमा महिला विकास कार्यक्रमहरुबाट अधिवाचन समन्वय गरिएको छ । समुह वचतको रकम एवं परिचालन क्षमता र महिलाको नेतृत्व क्षमता जस्ता सुचकहरु पनि अत्यन्त सकारात्मक देखिएका छन् । संस्थागत विकासको माध्यमबाट छरिएर रहेका महिलाहरुलाई संङ्गठित गर्दै समुह समिति तथा संस्था गठन गरी कार्यक्रमलाई निरन्तरता दिने प्रयास भएको छ (अर्थ मन्त्रालय ,२०६७)।

## नेपालमा सहकारी संस्थाको विकासक्रम(Development of co-operative organization in Nepal)

वि.सं.२००७ साल प्रजातन्त्रको स्थापना भएपछि सहकारीताको माध्यमबाट देशको आर्थिक विकास गर्नका लागि विभिन्न प्रयासहरुको थालनि भयो । वि.सं.२०१० सालमा सहकारी विभागलाई योजना विकास तथा कृषि तथा मन्त्रालय अन्तर्गत राखि संस्थागत रुपमा सहकारीताको विकासको सुरुवात भएको हो । वि.सं.२०११ सालमा बाढी पिडित जनतालाई वसोवास गराउन बहुमुखी विकास योजना सुरु गर्दा सहकारीको महसुस गरियो । यसैको फलस्वरुपत वि.सं.२०१३ सालमा चितवन जिल्लामा अमेरिकाको सहयोगमा सञ्चालित राष्ट्रिय विकास आयोजना अन्तर्गत १३ वटा ऋण सहकारी संस्थाको स्थापना भएको थियो । वि.सं.२०१५ सालमा सहकारी विभाग ग्रामिण विकास बैंकको प्रशासनिक नियन्त्रणमा राखि सहकारी सम्बन्धि कार्यहरु अगाडि बढाएको थियो । सहकारी कानुनलाई

औपचारिकता सहकारी ऐन २०१६ तर्जुमा भएपछि प्रदान गरियो । वि.सं.२०१८ सालमा सहकारी विकास कोषको स्थापना गरियो । त्यसै गरी वि.सं.२०१९ सालमा सहकारी कोषको व्यवस्था पनि गरियो । त्यसै गरी सहकारीमा संलग्न जनशक्तिलाई शिक्षा तालिम दिलाउन सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । वि.सं.२०२० सालमा सहकारी बैंकको स्थापना भएपछि वि.सं.२०२४ सालमा गाँउ गाँउ फर्कि साष्ट्रिय अभियानमा सहकारी कार्यक्रमलाई पनि समावेश गरी अगाडि बढाउने कार्य गरियो । वि.सं.२०२५ सालमा सहकारी विभाग अन्तर्गत सञ्चालित संस्थाहरुको प्रशासनको भूमि सुधार मन्त्रालय अन्तर्गत रहे पनि सहकारी संस्थाहरुको प्रशासन भूमि सुधार विभागलाई सुम्पियो । वि.सं.२०२६ सालमा सहकारी विभाग भूमि सुधार मन्त्रालय अन्तर्गत रहेपछि सहकारी संस्थाहरुको प्रशासन सहकारी विभागबाट सञ्चालन गरियो (रा.स. वि.वो., २०६६)।

सर्वप्रथम भक्तपुर जिल्लामा अनिवार्य वचत सहकारी संस्थाको शेयर हस्तान्तरण गरियो । सहकारी संघ संस्थाको पुन: गठन र एकिकरण गरी निर्दिष्ट सहकारी कार्यक्रम लागु गरियो । वि.सं.२०२७ सालमा सहकारी सुदृढीकरण कार्यक्रम अन्तर्गत सहकारी संघ संस्थाहरुको व्यवस्थापन कृषि विकास बैंकलाई दिइयो । वि.सं.२०३३ सालमा ग्रामिण विकासका लागि संस्थागत विकास गर्ने साझा कार्यक्रम लागु गरियो । यस कार्यक्रम अन्तर्गत ३० जिल्लाका हरेक गा.वि.स.मा वहुमुखी सहकारी संस्था खोलियो । पूँजी व्यवस्थापनाका लागि अनिवार्य वचत सहकारी संस्थाका शेयरमा परिणत गरियो । वि.सं.२०३५ सालमा सहकारी संघ संस्थाको व्यवस्थापन कृषि विकास वैंकबाट संघ संस्थाकै चञ्चालक समितिलाई जिम्मा लगाइयो । गुणात्मक विकासका लागि सहकारी एकिकरण गरियो । वि.सं.२०३७ सालमा तत्कालिन संविधानको संशोधन हुँदा राज्यका निर्देशक सिद्धान्तका सहकारीतालाई मेरुदण्डको रुपमा समावेश गरियो (रा.स.वि.वो., २०६६)।

वि.सं.२०४१ सालमा साझा संस्था ऐन जारी भयो । वि.सं.२०४४ सालमा उच्च स्तरिय साझा विकास केन्द्रिय समन्वय समितिको गठन गरियो र साझा विकास विभाग कृषि मन्त्रालयमा गरियो । वि.सं.२०४५ सालमा राष्ट्रिय सहकारी महासंघ परामर्श समिति बनाई प्रतिवेदन पेश गरियो । वि.सं.२०४८ सालमा राष्ट्रिय विकास वोर्डको विकास भयो । सहकारी ऐन २०४८ नियमावली २०४९ जारी भएपछि  वि.सं.२०५० सालमा राष्ट्रिय सहकारी संघको स्थापना भएको थियो । समयको क्रमसँगै सहकारी ऐनमा केहि संशोधन

गर्न आवश्यक महसुस गरी वि.सं.२०५७ सालमा प्रथम पटक सहकारी ऐन २०४८ को संशोधन गरियो । यसरी नेपालमा भएका सहकारीको प्रारम्भ र विकासक्रम यसरी नैसामुदायिक प्रबा, पर्मा, धर्म, भकारी, ढिकुरी तथा गुठीबाट हालको अवस्थामा आइपुग्यो नेपालमा हालसम्म ११ हजारको संख्यामा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु सञ्चालनमा छन् (श.स.वि. बोर्ड, २०६६)।

## नेपालमा सहकारी संस्था संचालन गर्ने कानुनी प्रावधान(Provision of Law to Conduct Co-operative Organization in Nepal)

हाम्रो देशमा कृषक, कालिगढ निम्न आपवर्ग, श्रमिक भूमि हिन तथा बरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्पारिक सहयोग र सहकारीताको आधारमा विभिन्न किसिमका सहकारी संस्था र संघहरुको गठन र संचालन सम्बन्धि व्यवस्था गर्न सकिनेछ जसका लागि निम्न प्रावधानहरु रहेका छन् ।

प्रारम्भिक सहकारी संस्था खोल्नका लागि कम्तिमा २५ व्यक्ति सदस्यहरु हुनुपर्ने छ भने विषयगत संघ खोल्नको लागि कम्तिमा पाँच वटा प्रारम्भिक सहकारी संस्थाहरु सदस्यहरुको हुनुपर्नेछ । त्यसै गरी जिल्ला सहकारी संघ खोल्नको लागि पाँच वटा प्रारम्भिक सहकारी संस्था र परिचय विषयगत संघ सदस्य भएको हुनुपर्ने, केन्द्रिय सहकारी संघ खोल्नको लागि प्रारम्भिक सहकारी कम्तिमा २५ वटा विषयगत संघ कम्तिमा पाँच वटा सदस्य भएको हुनुपर्ने र राष्ट्रिय सहकारी संघका लागि विषयगत संघ, लिल्ला सहकारी संघ र केन्द्रिय सहकारी संघ गरी कम्तिमा १५ वटा संघ संस्थाहरु सदस्य भएको हुनुपर्ने छ । एउटै जिल्लामा एक भन्दा बढी सहकारी संघ एकै प्रकृतिका विषयगत संघ र एकै प्रकृतिका केन्द्रिय सहकारी संघको गरी कम्तिमा १५ वटा संघ संस्थाहरु सदस्य भएको हुनुपर्ने छ । एउटै जिल्ला एक भन्दा बढी सहकारी संघ एकै प्रकृतिका विषयगत संघ र एकै प्रकृतिका सहकारी संघ गठन गर्न सकिने छैन भने यस्ता संघ वा संस्था दर्ता गर्नका लागि संस्था वा संघको दुई प्रति निर्णयहरु कार्ययोजना तथा सदस्यहरुले कवुल गरेको शेयरको विवरण संकलन गरी रजिष्टार समक्ष दरखान्त दिनुपर्ने हुन्छ । यस ऐन अन्तर्गत वनेका विनिमयहरुको अधिनमा रही संस्था वा संघले आफ्नो कार्य संचालन गर्न विनिमय बनाउन सक्नेछन् । यसरी वनाएको विनिमयको रजिष्टारले स्वीकृत गरेपछि लागु हुनेछ । प्रत्येक संघ

वा संस्थाको संचालन तथा व्यवस्थापन सो भन्दा वा संस्थाको विनिमय बमोजिम हुनेछ । विनिमय संस्था वा संघको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य, संचालन विधि तथा तोकिएको बमोजिमका अन्य विवरणहरु खुलाईएको हुनुपर्नेछ । विनिमयको संशोधन सम्बन्धित संघ वा संस्थाले साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले गर्न सक्नेछ । प्रत्येक संस्था वा संघले दर्ता भएको मितिले तीन महिना भित्र प्रत्येक संस्था वा संघले वार्षिक साधारण संघ गराउनु पर्ने हुन्छ । साधारण सभाले संचालक समिति, लेखा समिति, उप समिति, समितिको सदस्यको निराकरण वा समितिको विघटन, उपसमितिहरुको चयन कर्मचारी तथा सल्लाहकारहरुको नियुक्ति गर्नेछ । (कृषि तथा सहकारी नीति शाखा, २०६५) ।

सहकारी प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गरी, सहकारी संस्थाका सदस्य लगायत आम नागरिकहरु र विशेष गरी आर्थिक, सामाजिक, शैक्षिक रुपमा संचालन गर्न दलित, जनजाती र पिछडिएका महिलाहरुको जीवन स्तरमा सुधार गर्न र स्थायी परिवर्तन ल्याउन सकिने प्रचुर सम्भावनाहरु रहेका छन् । सहकारीको माध्यमबाट महिलाहरुले आफुसँग रहेको सिमित स्रोत, साधन र सीपको उपयोग गरी आत्म निर्भर बन्ने प्रयास हुनुका साथै महिलाहरु शिपमुलक तथा रोजगारी मुलक कार्यमा सहकारीका माध्यमबाट सहभागी भएका कारण ग्रामिण गरिवी निवारणमा महत्वपूर्ण योगदान देखिन्छ । साथै परिवार, समाज र राष्ट्रका सवै पक्षमा सकारात्मक परिवर्तन ल्याउनका लागि सहकारीको थप विकास तथा विस्तार गरिनु पर्दछ । (शर्मा, २०६०)

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली जनताको न्यून स्तरको आर्थिक, सामाजिक अवस्था नै आर्थिक विकासका लागि मुख्य बाधक सावित भएको छ । नेपाल एक गाँउ नै गाँउले भरिएको र कृषि क्षेत्र नै राष्ट्रिय उत्पादनको मेरुदण्ड भएको मुलुक हो । तरपनि जग्गाको द्वैध स्वामित्व नेपाली कृषि व्यवसायमा पाईन्छ । अर्ध सामन्तवाद सामाजिक प्रणालीमा महसुस गर्दा पाइन्छ ८० प्रतिशत भन्दा बढी मानिसहरु कृषि पेशामा नै लागेको तथ्याङ्क छ भने अधिकांश आफ्नो गुजारा निर्वाह गरीरहेका छन् । नेपालको जमिनको बनोट असमान भएकोले उत्पादन र उत्पादकत्वमा निकै कम रहेको छ । जसले गर्दा नेपाली जनताले निकै नै समस्या जेल्नु परेको छ । यसले गर्दा अध्याधिक जनता कृषि पेशामा समय दिन्छन् । उनिहरुको आफ्नो

जग्गा छैन । कुल कृषकहरु मध्ये ७५ प्रतिशतले १ हेक्टर सम्म आफ्नो जग्गा नै छैन । (केन्द्रिया तथ्याङ्क विभाग, २०६८) ।

साना-साना किसानहरु लगातार नियमित रुपमा कडा परिश्रम गरिरहन्छन् तर दिन प्रतिदिन झन गरिब बन्दै गएका छन् । तिनीहरुको प्रशस्त कृषि श्रमिक छन् मेहनत र श्रम गर्न चाहना छ तर तिनीहरुको प्रशस्त समय छ तर वातावरण पाइरहेका छैनन् । तल्लो तहका मानिसहरुको वित्तिय, प्राविधिक र संस्थागत पहुँच हुन सकेको छैन । आधारभूत संरचना र कृषि सेवा टेवाका उपलब्धता अपर्याप्त छ । ग्रामिण कृषकहरुले सामना गर्नु परेको कृषि बजारको अभाव, सिचाई सुविधाको कमि, भेटनेरी सेवा, शिशु गृह विमा आदि प्रमुख समस्या रहेका छन् (कृषि विकास वैंक, २०५६)।

बचत तथा ऋण सहकारी मार्फत ग्रामिण कृषकको शैक्षिक आर्थिक विकासको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ । सहकारीमा सानो पूँजीबाट समेत एकिकृत हुन सकिन्छ । जसले आफ्ना सदस्यहरुलाई शिक्षा तथा सूचना प्रदान गर्ने कार्य गर्दछ । सहकारीता र शिक्षा कार्यक्रम संचालन गर्नुपर्छ जसले गर्दा सामाजिक, सांस्कृतिक तथा व्यावस्थापिकाको ज्ञान वृद्धि हुन्छ र भावी सन्ततीको शैक्षिक संरक्षण गर्ने सोचमा विकास हुन्छ । सहकारीले एका तर्फ व्यवसाय गरेर आय आर्जन गर्न प्रोत्साहन गर्दछ भने अर्को तर्फ आर्जित आयलाई समुचित उपयोग, वास्तविक र व्यावहारिक ज्ञान पनि प्रदान गर्दछ । त्यसै गरी सहकारी संस्थाले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । आर्थिक विकास नै यसको प्रमुख उद्देश्य हो । सहकारीले आफ्ना सदस्यहरुको स-सानो पूँजीलाई संकलित गरी आफ्ना सदस्यलाई आर्थिक सीप, सूचना, लगानी, व्यावसायमुखी बनाउन लगानीमा प्रोत्साहन गर्दछ । यसले दिने सेवा आय आर्जन गर्त व्यवसायिक लगानीमा प्रोत्साहन र सदस्यलाई आर्थिक निर्भर बनाउनु हो । जसका लागि विभिन्न क्षेत्रमा लगनी गर्नुपर्दछ (सहकारी विभाग, २०६६)।

विश्वमा फैलिदै गएको सहकारीका मर्म र भावना नेपाली समाजको तल्लो तहमा गठित सहकारी संस्थाका सदस्यहरुले अझै पनि सही ढंगले बुझ्न सकेका छैनन् । जसको एउटा कारण म्नि वर्गहरु नसमेट्नु हो भने सहभागी सदस्यहरु विच निर्णय प्रक्रियामा समान हैसियत कायम हुन नसक्नु हो । न्यून आय भएका गरिब तर व्यक्तिगत ज्ञान र सीप भएका मानिसहरुको आर्थिक आय उपार्जनको प्रभावकारी माध्यम सावित हुन सकेको छैन

भने टाठा बाठा मानिसहरुको आफ्नो मान्छेलाई जागिर दिई प्रत्यक्ष फाईदा सहकारी संस्थाबाट लिएको पाइन्छ । माथि उल्लेखित यथावत समस्याहरु नेपाली वर्तमान समाजमा यथावत छन् । त्यसैले यस अध्ययनमा निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ ।

(क) सहकारी संस्थाको वार्षिक आम्दानी कस्तो छ ?

(ख) सहकारी संस्थाले ऋणसदस्यहरुलाईप्रवाहगरेकोऋणकोअवस्थाकस्तो छ?

(ग) सहकारी संस्थाले कस्ता कस्ता क्षेत्रमा लगानी गरेको छ ?

(घ) सहकारी संस्थाले ऋण सदस्यहरुलाई प्रवाह गरेको ऋणकोअवस्थाकस्तोछ?

(ङ) सहकारी संस्थामा सहभागी ऋणी सदस्यहरुले आय मुलक तालिमहरु पाएका छन् ?

(च) सहकारीमा ऋणी सदस्यहरुको व्यक्तिहरुको बालवालिकाको शैक्षिक अवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

(१) सहकारी संस्थाको साधारण उदेश्यको पहिचान प्रस्तुत गर्ने ।

(२) सहकारी संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा बालवालिकाहरुको शैक्षिक अवस्थाको तुलना गर्नु ।

(३) सहकारीमा संलग्न सदस्यहरुको समस्याहरुको पहिचान गर्नु ।

## १.४ अनुसन्धान प्रश्न (Research Question )

- सहकारी संस्थाका साधरण उदेश्य के के हुन ?
- सहकारी संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा बालबालिकाको शैक्षिक अवस्थामा के के परिर्वतन आएको छ ?
- सहकारीमा संलग्न सदस्यहरुको समस्या के के छन ?
- सहकारी संस्थामा सलन सदस्यका समस्याका समाधानका गर्ने उपाय के के हुन ?

## १.५ अध्ययनको महत्व (Significant of the Study)

सहकारी प्रत्येक वर्ष समुदाय र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नती, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेको आएको विशुद्ध सामाजिक संस्था हो । समाजमा विद्यमान विभिन्न प्रकारका असमानताहरुलाई हटाई सवै सदस्यहरुलाई एकताको सुत्रमा आवद्ध गराई राष्ट्र निर्माणमा सवै उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । यसको माध्यमबाट जनतामा परिवर्तित समय अनुरुपको सशक्तिकरण आउँछ । आजको राष्ट्र निर्माणको लागि कुनै एक दुई वर्गको सहभागिताले केही नहुने भएकाले सवैले संवेदनशिल भएर आफ्नो क्षमताको भरपुर उपयोग गरी आ-आफ्नो घर समुदायबाट विकासको सुत्रपात गराउने संस्था भनेको सहकारी संस्था हो । व्यक्तिलाई आफ्नो शब्द ज्यादै प्रिया लाग्छ तसर्थ प्रत्यक्ष रुपमा व्यक्तिगत स्वामित्व रहेको सहकार्य हुने सामाजिक विकासलाई मुख्य उद्देश्य बनाएको, सीप एवं आर्थिक सहयोगको माध्यम नभएकाहरु बसेर समय वर्वाद गर्नेलाई काम गरेर समयको सदुपयोग स्वरुप प्रतिस्पर्धात्मक वातावरण गराउने एक मात्र संस्था सहकारी हो ।

आर्थिक विकासमा पछाडि परेका मुलुकहरुका लागि दरो सहारा सहकारी हो । त्यही यथार्थलाई मनन् गरेर नेपालको अन्तरिम संविधानमा सहकारीको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने सोच राखेको छ । त्यही मर्म एवं भावना अनुरुप अन्तरिम योजनाले पनि लोक कल्याणकारी आर्थिक विकासको माध्यमबाट गरिबी निवारण गर्ने एक प्रमुख क्षेत्र सहकारी हो भने सोही अनुरुपका नीति निर्माण भएका छन् । यिनै कार्यक्रमलाइ मुर्त रुप दिन बार्षिक वजेटबाट सहकारीलाइ प्रमुख अंगको रुपमा स्वीकार गरी कार्यक्रम ल्याएको छ । सहकारीबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाइ मुर्त रुप दिन यसमा विद्यमान समस्या र चुनौतीलाई कम गरी अवसरहरुलाई बढी भन्दा बढी प्रयोग गरी अझ निजी, सार्वजनिक र सहकारी क्षेत्र सकारात्मक सोचका साथ प्रयासरत हुनुपर्ने हुन्छ । वर्तमान समयमा राज्यको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि सहकारी अपरिहार्य बनेको छ ।

नेपालको सहकारी रोजगारीको सृजना र गरिबी निवारणको दिशा तर्फ उन्मुख छ । प्राप्त उपलब्धीको प्रभावकारी लेखाजोखा गर्न कठिनाई रहेका वास्तविक तथ्याङ्क वाहिर ल्याउन नसकिएता पनि ग्रामिण क्षेत्रमा जागरण बनाउन, वित्तिय सेवा पुऱ्याउन, बचत गर्ने वानिको विकास गर्न, रोजगारीको सिर्जना गर्न, कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न, महिला सशक्तिकरण

गर्न, विपन्न समुदाय र जातजातीलाई एउटै समुहमा आवद्ध गरी सामाजिक सहभागितामा वृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यमा सहकारी क्षेत्रको उल्लेखनिय भूमिका देखिन्छ ।

सहकारी समुदायमा आधारित सेवामुखी व्यवसायिक स्वायत्त संगठन हो । यसले स्वावलम्वन र समनतालाई बढवा दिदै प्रजातन्त्रलाई सुदृढ पार्दछ । सहकारी संघ संस्थाका सदस्यहरुले इमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरुको चासो राख्ने जस्ता नैतिक मुल्यहरुलाई विश्वास राख्दछ । म को सट्टा हामीहरु र मेरो को सट्टा हाम्रो लागि आर्थिक तथा सामाजिक उद्यम गरौ भन्ने मुल आदर्श रहेको सहकारी संस्थामा बचत तथा ऋणको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत वित्तिय परिचालन भई बैंकसम्म पहुँच नभएका समुदायहरुको पहुँच वृद्धि हुनुका साथै सामाजिक विकृति काम गर्न सहकारी संस्थाहरु सहायक सिद्ध भएका छन् ।

स्याङ्जा जिल्ला वाङ्सिङ्ग गा.वि.स. मा संचालित अन्नपूर्ण सहकारी संस्थाले वाङसिङ्ग गा.वि.स.का स्थानिय व्यापारीहरुको आर्थिक तथा शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न कार्यक्रम संचालन गरिरहेका छन् र कसरी संचालन गरिरहेको छ ? जसबाट के उपलब्धि हासिल गरेको छ ? समस्या के-के रहेका छन् ? भन्ने कुराको अध्ययन गर्नाले सहकारी संस्थाहरुमा आफुमा भएको कमि कमजोरीहरुको सुधार गर्न र परिमार्जन गर्दै अगाडि बढ्न सहयोग हुने आशा गरिएको छ । साथै व्यापारीहरुको आर्थिक तथा शैक्षिक पक्षमा भएको सकारात्मक सुधारहरुले सहकारीको पहुँच नपुगेको ठाँउमा सहकारी कार्यक्रम संचालन गर्न सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरुको लागि सहकारी सम्बन्धि ज्ञानको विस्तार गर्न सहकारी सम्बन्धि थप अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ । साथै यस विषयसँग सरोकार राख्ने व्यक्तिहरुका लागि पनि अध्ययन सामग्री बन्ने छ

यसका महत्वहरुलाई निम्न वुँदागत रुपमा देखाउन सकिन्छ ।

(क) यस अध्ययनले रोजगारीको सृजना र गरिबी निवारणमा सहयोग पुऱ्याउँछ ।

(ख) यस अध्ययनले जनतामा परिवर्तित समय अनुरुपको आर्थिक सशक्तिकरण गराउँदछ ।

(ग) सहकारी संस्थामा संलग्न भएका सदस्यहरुको लागि सहकारी सम्बन्धि ज्ञान विस्तार गर्न उपयोगि गराउँछ ।

(घ) सहकारी सम्बन्धि नीति निर्माणको लागि नीति निर्माण गर्न सहयोग गर्दछ ।

(ङ) सहकारी सम्बन्धि थप अध्ययन अनुसन्धानको लागि सहयोग गर्दछ ।

(च) यस संस्थामा संलग्न सदस्यहरुको समस्याहरु कस्ता छन् पत्ता लगाउन उपयोगि गराउँछ ।

## १.६ अध्ययनको सीमा (Dimitation of the Study)

यस अध्ययन कार्य सिमित साधन र स्रोत तथा समयले गर्दा निम्न लिखित सीमा भित्र रहेर संचालन गरिनेछ ।

(क) यो अध्ययन स्याङजा जिल्ला वाङसिङ्ग गा.वि.स. मा संचालित सहकारी संस्थाले समेटेको क्षेत्रमा मात्र सीमित रहने गरी लिएको छ ।

(ख) यो अध्ययन केवल सहकारीमा संलग्न सदस्यहरुसँग मात्र सीमित हुने गरी लिएको छ ।

(ग) सहकारीमा सदस्य रहेका सदस्यहरु मध्य १०० जना सदस्यहरुलाई नमुनाको रुपमा लिएको छ । यसले सम्पूर्ण सदस्यहरुको प्रतिनिधित्व गर्ने विश्वास लिएको छ ।

(घ) सहकारी संस्थामा आवद्ध भएका मानिसहरुको बालवालिकाहरुको शैक्षिक स्तर संकलन हुनु अघि र संलग्न भए पछि पढाईलाई मात्र अध्ययनमा लिएको छ ।

## १.७ कार्यात्मक शब्दावलीको परिभाषा(Operational Definition of the Key Terms)

सहकारी संस्था भनेको समान आर्थिक क्षमता इच्छा, आकाक्षा र मुल्य  र मान्यता भएको सामान्यतया कमजोर आर्थिक हैसियत भएका व्यक्ति समुहले एक आपसमा मिलि  सामुहिक अभिवृद्धिको लागि समामाहिक रुपमा नै व्यवसाय वा उद्धम संच्चालन गर्ने संस्था हो ।

**सामुहिक** : दुई वा दुई भन्दा बढि व्यक्ति एक आपसमा मिली संञ्चालन गरिने व्यवसाय ।

**उद्यम** : जिविको पार्जन गर्नको लागि अथवा काम धन्दा गरि जिवन यापन गर्ने व्यवसाय

सहकारी भन्नाले पजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरुको स्वेच्छिक सहभागिताबाट बढि सयुक्त संगठन जसले उनीहरुको साझा आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकान्छाको परिपूर्ति गर्दछ । जसलाई सहकारी भनिन्छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन(REIVEW OF RELATED LITERATURRE AND CONPENCEPTUAL FRAMEWORK)

यस अध्ययनमा अनुसन्धान शीर्षकसंगंस सम्बन्धित विभिन्न पाठयपुस्तक जर्नल , अनुसन्धान ,प्रतिवेदन लगायत अन्य अप्रकासित अभिलेखहरुको पुनारावलोकन गरेको छ ।यस शोध पत्र तयार गर्दा पुनरावलोकन र अभिलेखहरु ल्गायत अवधाराणत्मक ढाँचा निम्न अनुसार छन ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन(Review of Theoritical Literature)

ग्रामिण र शहरी क्षेत्रमा गरिब र कमजोर वर्गको सानोतिनो आर्थिक क्षमतालाई सहकारी सिद्धान्त अनुसार एक जुट गरी सिर्जित सामुहिक शक्ति र प्रयासद्वारा कृषि उद्योग विकास घरेलु इलम र उद्योग व्यवसायीको प्रवर्द्धन एवं सामुहिक सेवाहरुको विस्तार र परिचालन गरी ग्रामिण अर्थतन्त्रलाई क्रियाशील गराउन उत्तिकै आवश्यक हुन्छ । त्यसैले राष्ट्रमा सहकारीताको विकासको लागि योजनावद्ध ढंगबाट संचालन गर्न राष्ट्रिय योजना आयोगले निम्नानुसार क्रियाकलाप समावेश गरेको पाइन्छ । पहिलो पञ्चवर्षिय योजना (२०१३-०१८) मा सहकारी संस्थाको गठन दर्ता तथा संचालन व्यवस्थित बनाउन गरियो । यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन जिल्लामा राप्ति दुध बुहमुखी विकास योजना अन्तर्गत वि.सं.२०१३ सालमा गठन भई सहकारी आन्दोलनको शुत्रपात गरियो । त्यस ऋण सहकारी संस्थाको सफलताले पुऱ्याएको योगदान नराखि बहुमुखी प्रकृति (ऋण, कृषि सामग्री आपुर्ति, कृषि उत्पादन खरिद विक्रि) भएको पाइन्छ । पहिले योजनाको अन्त्यमा सहकारी संघ संस्थाको संख्या ३७८ पुगेको थियो जसमध्ये ३ वटा दुग्ध उत्पादक सहकारी संस्था थिए (कृषि विकास वैंक, २०५९)।

यादव,२०६६)सानो-सानो पूँजी संकलन गरी सदस्यहरु विच बचत तथा ऋणको कारोवार गर्दै अघि बढेको सहकारी संस्था हाल आएर देशकै अर्थतन्त्रमा प्रत्यक्ष असर पार्ने आर्थिक कारोवारमा स्पष्ट नीति सहित सहकारीतालाई जोड दिदै अघि बढीरहेको छ देश । हाम्रो लामो समयदेखि द्वन्द्वको चपेटामा तथा श्रम र औद्योगिककरणमा कमि आएको समयमा समेत बचत तथा ऋण सहकारीको समग्रमा आर्थिक विकासलाई टेवा दिन सक्षम

भएको देखिन्छ । सहकारीले समुदायमा रकमको सुरक्षाको प्रत्याभूति दिन सकेको र जनताको आस्था र विश्वासलाई समेटेर सहकारीतालाई बचाएर राख्न सफल भएको छ ।

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ २०६६ का अनुसार नेपालमा बचत तथा ऋण सहकारीको शुरुवात सर्वप्रथम २०१३ साल चैत्र २० गते वरवान ऋण सहकारी संस्था चितवनको वरवानपुर गाँउमा स्थापना गरी भएको पाइन्छ । हाल नेपालमा गरिब १०८०० बचत तथा ऋण सहकारी संस्थाहरु गठन भईसकेका छन् । यसले सहकारीको संख्यात्मक विकासलाई देखाएको छ । अथात् लगभग ऋण तथा बचत सहकारीको संख्या ५० प्रतिशत पुगेको छ । नेपालमा सहकारी ऐन आउनु भन्दा अघि देखि नै बचत तथा ऋण सहकारी संघको स्थापना भईसकेको देखिन्छ । जसले गर्दा बचत ऋण तथा सहकारीतालाई अघि बढ्न सहयोग पुगेको देखिन्छ । जसले गर्दा बचत तथा ऋण सहकारीतालाई अघि बढ्न सहयोग पुगेको देखिन्छ ।

ओवेन, (१८४४) का अनुसार निजिकरणको पहिलो पर्यायका हो समय ,ज्याला ,सामुहिक भावना (सहकार्य) सहअस्तित्वका लागि सह उत्तरदायित्वविषेशता हुन ।सहकारी भनेको सन १७९९ अघि बेलायतको औद्योगिक त्रान्ति अघिको श्रमशोषण गरिबी अन्याय र उत्पीडीतहरुको उपज हो । आइ.सी.ए.,(InternationalCo-operative Alliance(ICA))का अनुसार १ खुल्ला सदस्यता २ प्रजातात्रिक सहभागिता एक सदस्यत एक मत ३लाभको बाँडफाड ४सहकारी शिक्षा र सहकार्य ५ पुँजिमा सिमित प्रतिफ्ल

नेपालमा विकासका मोडल मध्ये सहकारी मोडेल मार्फत अर्थतन्त्रको विकास गर्न एक सशक्त औजारको रुपमा सहकारीलाई अंगाल्दै अघि बढेको देखिन्छ । नेपालमा सहकारीलाई अर्थतन्त्रको ३ खम्वाहरुमध्ये एक खम्वाको रुपमा लिएको छ । यसले विश्वमा आर्थिकसहकारी आन्दोलनलाई अत्यन्त विचलित अवस्थामा समेत सहकारीहरुले समुदायमा रकमको सुरक्षाको प्रत्याभूति साथै जनताको आस्था र विश्वासलाई समेटी सहकारीतालाई प्रभावकारीतालाई आंकलन गर्न सकिन्छ र सहकारी अर्थतन्त्र दिगो अर्थतन्त्र हो भन्न सकिन्छ । सहकारी आन्दोलनलाई अत्यन्त विचलित अवस्थामा समेत सहकारीहरुले समुदायमा रकमको सुरक्षाको प्रत्याभूति साथै जनताको आस्था र विश्वासलाई समेटेर सहकारीलाई बचाएर राख्न सकेकाले बचत तथा ऋण सहकारीताको भूमिकालाई अहम मान्न सकिन्छ ।

त्रिवर्षिय योजना (२०६४-०६७) मा सहकारीलाई आर्थिक विकासको प्रमुख एक खम्वाको रुपमा लिएको छ । यसले कुल राष्ट्रिय उत्पादनमा १ प्रतिशत योगदान दिएको छ । वित्तिय क्षेत्रमा ७ प्रतिशत योगदान दिन सफल भएको छ ।

के.सी., (२०६८) का अनुसार बचत तथा ऋण सहकारी संस्थाहरुले सदस्यहरुको सामाजिक, आर्थिक, शैक्षिक विकासको लागि संस्था मार्फत आफ्ना सदस्यहरुलाई व्यवसायिक सेवा प्रदान गरेको छ । सहकारी संस्थाले आफ्ना महिला सदस्यहरुको सामाजिक, आर्थिक उत्पादनको लागि विभिन्न आवश्यक रोजगारमूलक सीप प्रविधि र सूचना ईत्यादि प्रदान गर्दै आएको कुरा उल्लेख गर्नु भएको थियो ।

कृषि विकास बैंक, (२०५४) का अनुसार चौथो पञ्चवर्षिय योजना (२०२७/०२८-२०३१/०३२) सहकारी संस्थालाई सुदृढीकरण गरी निदृष्ट रुपमा संचालन गर्ने कार्यक्रम अन्तर्गत केही संस्थाको व्यावस्थापन सहकारी विभागले गर्ने र केही संस्थाको व्यवस्थापन ऋण दिने संस्था र कृषि विकास बैंकले गर्ने व्यवस्था भयो । पांचौ पञ्च वर्षिय योजनामा (२०३२/०३३-२०३६/०३७) ग्रामिण विकासको लागि संस्थागत व्यवस्थाबाट ग्रामिण स्तरका स-साना किसान तथा व्यावसायीलाई ग्रामिण स्तरमा नै ऋण सुविधा र कृषि सामग्रीको बेचविखन गरी उन्नत खेती प्रणालीको माध्यमबाट कृषकहरुको आय बृद्धि गर्न गाँउमा बैंक सुविधा उपलब्ध गराउनु साझा संस्थालाई प्राथमिकता दिई तत्कालिन गाँउ पञ्चायतमा एउटा बहुमुखी साझा संस्था खोलियो । सहकारी संस्था ऐन २०१६ खारेजी र वि.सं.२०४१ सालमा सझा संस्था ऐन २०४१ को व्यवस्था भयो । जसले राष्ट्रिय स्तरको संघ हुन सक्ने व्यवस्था गरेको र सरकारी विभागको महा निर्देशकलाई अझ बढी अधिकार दिएको पाइन्छ । सातौं योजना (२०४२/०४३-२०४६/०४७) मा नँया साझा संस्था नियमहरु प्रकाशनमा आए । यस अवधिमा प्रत्येक जिल्लाको प्रत्येक इलाकामा एउटा कृषि बहुमुखी साझा संस्था खोल्ने नीति बन्यो । सो अनुसार पहाडी तथा हिमाली जिल्लाहरुमा थप संस्थाहरु खोलिए । (२०४९/०५०-२०५३/०५४) सहकारी शिक्षा तालिम तथा भूमिगत पूर्वाधार र सुदृढिकरण भौतिक पूर्वाधार विकासका लागि सहकारी क्षेत्रमा सहकारी स्तरबाट संचालन हुने कार्यक्रम अगाडि ल्याइयो ।

राष्ट्रिय योजना आयोग (२०६८) का अनुसार बाह्रौं त्रिवर्षिय योजना (२०६७/०६८-२०६९/०७०) मा सहकारीको माध्यमबाट आम जनताको श्रम, सीप, पूँजी तथा स्रोतलाई

सामुहिक हितका लागि संगठित रुपमा परिचालित गरी आर्थिक सम्वृद्धि, सामाजिक रुपान्तरण र समन्वयात्मक विकासको आधारशिला तयार गर्ने उद्देश्यले लिइएको थियो । साथै देशको समग्र आर्थिक विकासमा योगदान गर्न प्रर्याप्त रोजगारी सृजना गर्नका लागि निजी क्षेत्र तथा समुदाय सहकारी क्षेत्रको साझेदारी सहभागिता हुने अवसरको सृजना गर्दै निजी तथा सामुदायिक सहकारी क्षेत्रको साझेदारी सहभागिता हुने अवसरको सृजना गर्नको लागि निजी तथा सामुदायिक सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारीहरुका विचमा जोखिम प्रतिफलको उचित हिस्सा विवरण हुने व्यवस्था मिलाउने कार्यलाई जोड दिइएको छ । समुदायमा छरिएर रहेका स्रोत साधनलाई एकिकृत गरी राष्ट्रिय पूँजीमा वृद्धि गर्न तथा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्दै समतामुलक समाजको निर्माणमा सहकारीले सहयोग पुऱ्याएको छ । यसले गर्दा समुदायमा हुनुपर्ने सम्पूर्ण कुराहरुलाई सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरु मार्फत भुरवरित हुदै आएको छ । हालसम्म १८ हजार भन्दा बढी प्रारम्भिक सहकारी संस्था मार्फत प्रत्यक्ष रुपमा ३० लाख भन्दा बढी व्यक्तिहरु सहकारीतामा आवद्ध भएको, ५० हजार व्यक्तिहरुको प्रत्यक्ष रोजगारी प्राप्त गरेको विश्वास गरिएको छ । मुलुकमा उत्पादन वित्तिय तथा सहकारीको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत वित्तिय परिचालन भई वैंक सम्म पहुँच नभएका संस्थाहरु महिला सहकारी संस्थाहरु सहायक सिद्ध भएका छन् ।

## २.२ पूर्व साहित्यको अध्यान (Review of Previous Studies)

नेपालमा सुक्ष्म ऋण परियोजना ग्रामिण गरिबी निवारण गर्नुका साथै महिला सशक्तिकरणको सर्वाधिक महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको थियो । यसले पहिला सशक्तिकरणको सर्वाधिक महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको थियो । यसले महिलाहरुलाई कर्जा प्रवाह र समुह वचतमा उत्प्रेरित गराएर ग्रामिण महिलाहरुको आम्दानी र जीवन स्तरमा वृद्धि गराउनका साथै महिलाहरुलाई उत्पादनशिल बनाउने, उत्पादित बस्तुको बजार व्यवस्थापन गर्ने साना तथा घरेलु उद्योग सम्बन्धि तालिम दिने सामाजिक तथा सामुदायिक विकास कार्यक्रम जस्ता कार्यक्रमहरु एकै पटक अगाडि ल्याइएको थियो । यसले महिलाहरुको जीवन स्तरमा सुधार, उनिहरुको आत्म सम्मानमा वृद्धि, चेतनामा वृद्धि, आत्म निर्णय गर्न सक्ने क्षमतामा वृद्धि, सीप र क्षमतामा वृद्धि र नेतृत्व गर्न सक्ने हुनुका साथै बैंक तथा वित्तिय सम्बन्धि ज्ञानमा समेत वृद्धि तिव्र गतिले भएको थियो ।

अर्याल , (२०६२) का अनुसार साना किसान विकास सहकारी संस्था लि. ले स्थानिय कृषकहरुको आर्थिक अवस्थामा पारेको प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार स्याङजा जिल्लाको वाङसिङ्ग गा.वि.स. मा संचालित साना किसान सहकारी संस्ला लि.ले छोटो समयमा नै सदस्य संख्यामा वृद्धि, वचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनका साथै धेरै मात्रामा महिलाहरुलाई समेट्न सफल भएको थियो । सहभागि किसानहरुमा दुरुपयोग रोक्ने कार्यमा सक्रिय हुदै आएका थिए । यस कार्यक्रममा समुह निर्माण समय समयमा बैठक वस्नु पर्ने वचत गर्नुपर्ने बाध्यता, सामुहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरु गरेको पाइएता पनि समग्रमा यस कार्यक्रमले स्थानिय साना किसानहरुमा प्रभाव पारेको ि

थियो ।

Paudel,(2069) का अनुसार नेपालमा साना किसान विकास कार्यक्रमको मुल्याङ्कन तथा अध्ययन आन्तरिक र वाह्य निकायहरुको नै भईरहेको छ । यो कार्यक्रम सम्बन्धि मुल्याङ्कन अनुसार ग्रामिण, दलित र पिछडिएका साना किसानहरुको आर्थिक, सामाजिक र शैक्षिक स्तर उकास्नका लागि साना किसान कार्यक्रम सवै भन्दा बढी सक्रिय र सफल भएको कार्यक्रम हो । यस कार्यक्रमबाट गरीब र साना किसानहरुको स्वास्थ्य, शिक्षा, परिवार नियोजन जस्ता कार्यक्रम वृद्धि हुदै गएको, आम्दानीमा वृद्धि भएको, कृषि व्यवसाय तथा घरेलु तालिमबाट लाभान्वित भएका, सामाजिक कुरीति र अन्धविश्वास हटेको, अनुत्पादक क्षेत्र घट्न गई बचत गर्ने वानिको विकास भएको थियो । समुहका सदस्यहरुमा सामाजिक र आर्थिक विषयहरुमा विस्तारित छलफल भई सामुहिक व्यक्तिगत स्तरका योजना निर्माण गर्न सक्षम हुनुका नेतृत्व विकास पनि भईरहेको थियो ।

(ADB, २०६९) का अनुसार ऋण प्राप्त गर्नुपर्ने साना किसान विकास कार्यक्रमको प्रथम विन्दु जसबाट सहकारी संस्था कार्यक्रमले साना किसान विकास परिवारका विभिन्न सामाजिक तथा सामुदायिक सेवाहरु जुटाउने मञ्चको रुपमा कार्य गरेको छ । यसका साथै कार्यक्रमहरुमा साक्षरता, परिवार नियोजन, शिशु स्याहार, महिला विकासलाई समेटेको छ । यस परियोजनाले वृक्षारोमण, सिचाई, सामुदायिक भवन ईत्यादि मार्फत सामुदायिक सम्पतिको सृजना पनि भईरहेको छ ।

पराजुली (२०६८) ले सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव एक अध्ययन हो । यस अध्ययन शिर्षकमा गरेको अध्ययनका अनुसार सहकारी संस्थामा संलग्न भएका महिला पुरुषको औषत आम्दानीमा कुल खर्चको २० प्रतिशत खर्च सहकारीको आम्दानीले पूरा गरेको, चर्को दरमा साहु महाजनबाट लिइने ऋण भन्दा सहकारीबाट लिएको ऋणको मात्रा वृद्धि हुदै गएको, सहकारीमा सहमागि हुनु भन्दा अगाडि ५६.८२ प्रतिशत व्यक्तिहरुले आफ्ना बालवालिकाहरुलाई सरकारी विद्यालयमा पठाउने गरेका थिए भने संलग्न भईसकेपछि २०.४५ प्रतिशतले मात्र सरकारी विद्यालयमा पठाएका थिए भने ७९.५५ प्रतिशतले आफ्ना बालवालिकालाई निजी विद्यालयमा पठाउने गरेका थिए । यस क्षेत्रमा कार्यक्रमबाट आर्थिक उत्थान भई गरिबी निवारणमा सहयोग पुगेको छ । कार्यक्रमबाट यस क्षेत्रमा संचालित साना किसानहरु जीवनका सवै पक्षहरुमा निकै प्रभावित छन् । समग्रमा यस क्षेत्रमा संचालित साना किसान सहकारी संस्था लिमिटेडको कार्यक्रम ग्रामिण तथा साना किसान र महिलाहरुका लागि बढी प्रभावकारी र कार्यमूलक भएको तथा अध्ययनबाट प्रमाणित भएको छ ।

कृषि परियोजना, (२०५२) ले स्याङजा जिल्लाको फापरथुम भन्ने ठाँउको भौगोलिक भित्र साना किसान विकास कार्यक्रम गरेको अध्ययनका अनुसार महिलाहरु परम्परागत रुपमा घरधन्दामा र सिमित काममा बाधिएका भए पनि हाल आएर समुहमा एक साथ काम गर्ने शक्ति हासिल गरि कार्यक्रममा भाग लिईरहेका, पुरुषहको भन्दा महिलाको ऋण लिने कार्य राम्रो भएको ऋणको, ऋणको दुरुपयोग नगर्ने, चोरीचारी हुनु, समाजमा ऋण तिर्न इच्छुक रहनुका साथै ऋण लिएर उत्पादकिय क्षेत्रमा लगानी गर्ने कुरा सकारात्मक नै हो भन्ने सोचाई वृद्धि भएको थियो । यसरी समग्रमा भन्नु पर्दा सरकारी संस्थाहरुले नेपालको हिमाल, पहाड र तराईमा महिलाहरुको अशिक्षा र गरिबीको खाडललाई पुर्ने काममा ठूलो मद्दत गरेको छ । साथै सहकारी संस्थाको माध्यमबाट महिलाहरुको आय वृद्धि, रोजगारीमा वृद्धि र चेतनामा वृद्धि भएको छ ।

## २.३ साहित्यको पुनरावलोकनको अध्यानको प्रयोग (Implication of the Review for the Study)

सहकारी संस्थाले साना साना किसान हरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा परेको प्रभाव र यसले व्यापार व्यावसाय, उद्योग संञ्चालन गर्नको लागि यसले सहयोग पुऱ्याएको छ ।

विष्णु (२०६७) ले साना किसान सहकारी कृषकहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमका पारेको प्रभाव एक अध्ययान शिर्षकमा गरेको अध्ययानका अनुसार वाङसिङ्ग स्याङजा जिल्लामा साना किसान सहकारी संस्था लिमिटेड सञ्चालित रहेको छ । त्यस सहकारीमा संग्लन साना किसानहरु सामाजिक , आर्थिक र शैक्षिक रुपले बढि  नै सक्षम उन्नति शिलमा विकर्षित भएका छन्  । त्यस कार्यक्रमले चेतना अभिवृद्धि गरेको छ । किसानहरु आफ्नो  खर्च पुरा गरि बचतमा वृद्धि गर्न सक्षम भएका छन् । यस क्षेत्रमा कार्यक्रमाबाट आर्थिक उथान गरि गरिवी निवारणमा सहयोग पुगेको छ ।

कृषि परियोजना ( २०६६) ले स्याङ्जा जिल्लाको सेति दोभानमा साना किसान कार्यक्रम सम्बन्धित गरेको अध्ययान अनुसार महिलाहरु परम्परागत रुपमा र धन्दामा र सिमित काममा बाधिएका भए पनि हाल आएर समुहमा एक साथ काम गर्ने शक्ति हासिल गरि कार्यक्रममा माग लिई  रहेकाछन् । पुरुषको भन्दा महिलाको सहभागिता बढि देखिएको पाइयो । यसमा पनि  पुरुषले भन्दा महिलाले  आफूले लगेको ऋण समयमा चुक्ता गरेको र उत्पादन क्षेत्रमा लगानी गर्ने ,कार्य गरेको देखियो । यसरी सहकारी संस्थाले हिमाल , पहाड, तराइहरुकमा महिलाहरुको अशिक्षा र गरिबीको पुर्ने काम मा ठूलो सहयोग गरेको पाइयो ।

संगिता (२०६९) साना किसान विकास कार्यक्रम  महिला सहभागिता एक अध्ययान, शिर्षकमा गरेको अध्यानका अनुसार कृषि विकासका लागि अन्तराष्ट्रिय कोषको आयोजना द्धारा सञ्चाालित साना किसान विकास आयोजना दक्षिण एसियाको ग्रामिण विकास कार्यक्रमको सबै भन्दा राम्रो नमुना हो । भनी उललेख गरिएको थियो । जस्तै साना किसान विकास कार्यक्रमलाई राजनितिक तथा राष्ट्रिय कार्यक्रमको रुपमा मान्यता प्रदान गरेको छ । यसबाट आर्थिक उन्नतिका साथै समुहभित्रका सदस्यहरुको बढि सेवा सुविधा प्रापतत गर्नका साथै आयमा वृद्धि गर्न सक्षम भएको देखिएको थियो ।

निष्कर्ष  सहकारी संस्थाले साना किसानहरुकोआथिक तथा शैक्षिकस्तरमा परेको प्रभावलाईदसाएको छ ।यसले गर्दा किसान वर्ग उद्योग,व्यापार व्यवसाय सञ्चांलन गर्नको लागि यससहकरी सस्थाले सहयोग पुयाएको छ ।विष्णुले सहकारी संस्थामा  संग्लन भएपछि साना किसानहरु सामाजिक, आथिक, शैक्षिक रुपले बढि नै सक्षमउन्नतसिलता र विकसिल भएका छन् भन्ने कुरालाई अवगत गराएका छन यसले गर्दा देशमा छरिएर रहेका जुन सुकै न्युन आयस्तर भएका व्यक्तिको लागि यसले सहयोग पुयाएको छ ।यसकृषि परियोजनाले

भनेको छ की पुरुषको भन्दा महिलाके सहभागिता बीढ देखाएको पाइयो यस पनि पुरुषले भन्दा महिलाको सहभागिता वढि  देखाएको पाइयो ।महिलाले आपुले लगेको ऋण समयमा चुक्ता गरेका पाइयो । सहकारीसंस्थाबाट लिएको ऋणका सदुपयोग गरी बढि मात्रामान उत्पादन क्षेत्रमा बढि लगानी गरेको  देखियो । जसले गर्दा सहकारीबाट लिएको ऋणलाई दुरुपयोग नगरीउत्पाकमुक कार्यमालगानीलगाउन उपयुक्त हुने देखियो । यस्ता किसिमका साना किसानहरु सहकारी संस्थामा बढि मात्रमा सहभागिता भएको देखिएको पाइयो त्यसछि साहुमहजनबाट र इष्टमित्रबाट  ऋण लिन ज्यादै कम देखियो  यसले गर्दा आत्म निर्भर बनाउन  सहयोग पु-याएको देखियो ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

सम्बन्धित पुर्व साहित्यको पुनरावलोकन पश्भात र यस अध्ययनको बीचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनारावलोकनमा सुविधाजनक नमुना छनोट विधिको माध्यमबाट  सिमित जनसख्याबाट  तथ्याङक लिइविश्लेषण गरिएको थियो भने यस अध्ययमा सहकारी क्षेत्रमा सग्लन सदस्यह्रुबाट वास्तविक यथार्थ तथ्याङ्क लिएको थियो । साहित्यको पुनरावलोकनमा प्रश्नवलीको मात्र प्रयोग गरी तथ्याङक संकलन गर्दा सही तथ्याङक नआएको पनि हुन सक्छ । यसबाट नमुना छनोट गरिएका सदस्स्यहरुबाट अन्तरवार्ता लिई सदस्यहरुको माध्यम बाट सत्य तग्थ्य तथ्याङक लिएको पाइन्छ । यस बाट कुल उत्पादन , कुल आम्दानी ,बचत, नाफा सबै कुरालाई समेटेको हुन्छ  । यस साहित्य पुनरावलोकनमा सहककारी संस्थाले भोगेका समस्याको बारेमाअध्यान गरिएको थियो ।त्यसैले साहित्यको पुनरावलोककनक  भन्दा यस अध्यानको निचोड सत्य र वास्तकि  छ भन्ने आशा रहेको छ  ।

## २.५ अवधारणात्मक ढाँचा(Conceptual Framework)

सहकारी संस्थामा संलग्न हुनु अघि र संग्लन भएपछिको सदस्यहरुको आर्थिक तथा उनिहरुको बालवालिकाहरुको शैक्षिक अवस्थाको पहिचाहन गर्ने अवधारणात्मक ढाँचा यस प्रकार रहेको थियो ।

सहकारी संस्थामा संलग्न भएका र नभएका सदस्यहरुको आर्थिक तथा शैक्षिक अवस्था



# अध्याय तीन (CHAPTER THREE)

## ३. अध्यानको विधि र प्रकिया(Method and Procedure of the Study)

यस अध्यानमा अनुसन्धानका विधिको व्याख्या गरिएको छ । यस अन्तरगत अध्यानको ढाँचा र तरिकाहरु जनसंख्या नमुना र नमुना रणनिति,अध्यानको क्षेत्र,तथ्याङ्क संकलनका साधन र तरिकाहरु प्रश्नवली,अर्न्तवार्ता तथ्याङ्क संकलन प्रकिया र तथ्याङ्क विश्लेषण र व्याख्या प्रकिया आदि शिर्षकहरुलाई समावेश गएिको छ ।

## ३.१ अध्ययनको ढाँचा विधी ( Design and Method of the Study)

यस अधयानलाई वर्णनात्मक र विश्लेषणात्क ढाचामा व्याख्या गरिएको छ ।त्यसका लागि परिणत्मक र गुणात्मक विधिबाट तथ्याङ्क संकलन गरिएको छ । शोधपत्रको उदेश्य अनुसार प्रश्नवली,अन्तवार्ता जस्ता तथ्याङ्क संकलन साधन र तरिकाको प्रयोग गरिएको थियो । यस अनुसन्धानमा तालिका र संख्यात्मक शब्दको प्रयोग गरिएको थिये

## ३.२ तथ्याङ्कका स्रोतहरु(Sources of Data)

यस अध्ययनमा प्राथमिक तथा द्धितीय तथ्याङ्क प्रयोग गरिुएको थियो । उक्त तथ्याङ्कका स्रोतलाई यस प्रकार उल्लेख गीरएको छ ।

### ३.२.१ प्राथमिक स्रोत(Primary Source)

यस अध्ययनमा अन्नपुर्ण बचत तथा ऋण सहकारी संस्थाका छनोटमा परेका सदस्यहरु नै प्राथमिक तथ्याङ्कका स्रोतहरु थिए । यस सहकारी संस्थाका अध्यक्ष र सहकारीमा संलग्न सदस्यहरुसगँ अध्यानको शिषर्कसगँ सम्बन्धित सुचनाहरु स्थलगत रुपमा संकलन गरिएको थियो ।

### ३.२.२ द्धितिय स्रोत(Secondary Source)

यस अध्ययनमा द्धितिय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसगँ सम्बन्धित कृषि बैक, केन्द्रिय तथ्याङ्क विभाग, राष्टिय योजना आयोग राष्टिय विकास बोर्ड,

साना किसान विकास परियोजना, सहकारी विद्यान, अप्रकासित शोधपत्रहरु, सुचनाहरुकोविभाग आदिबाट सहयोग लिएका थियो ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति(Poppulation SampleSize and Sampling Strategy)

यस अध्ययन स्याङजा जिल्ला वाङसिङ्ग गा.वि.स. मा रहेको अन्न पुर्ण बचत तथा ऋण सहकारी संस्थालाई सुविधाजनक नमुना छनौट विधिको आधारमा छनोट गरिएको थियो । यस अन्नपूर्ण वचत तथा सहकारी संस्थामा संलग्न कुल सदस्य संख्या ३०० मध्ये सदस्यहरुलाई यस अध्ययनका लागि जनसंख्या मानिएको थियो ।

(क) यस अध्ययनमा स्याङजा जिल्ला वाङसिङ्ग गा.वि.स. मा रहेको अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थामा३०० सदस्यहरु ९वटै वडमा रहेका छन यी वडाहरुमध्ये यस अध्यानको लागि १, ५ ,६, ७, ८ वडाहरुमा सदस्यहरुको संख्या अधिक रहेको कारण छानिएको छ ।

| क.सं | वडा नं | घरधुरी संख्या | नमुना छनोट | प्रतिशत |
|---|---|---|---|---|
| १ | २ | १४० | ९० | ३०.०० |
| २ | ५ | १३० | ६६ | २२.०० |
| ३ | ६ | ११० | ६० | २०.०० |
| ४ | ७ | ७० | ४० | १३.३४ |
| ५ | ८ | १०० | ४४ | १४.६६ |
| जम्मा | | ५५० | ३०० | १०० |

(ख) यस अध्ययन वाङसिङ्ग गा.वि.स. मा अवस्थित अन्नपूर्ण बचत तथा सहकारी संस्थामा न्युनजिवनस्तर भएको मध्ये १, ५ ,६ ,७, ८ बाट गोला प्रथाबाट ५५० घरघुरीबाट ३०० नमुना छनोट सदस्य संख्याबाट मध्येबनाट १००घरघुरीलाई छनोट गरिएको छ ।

(ग) यस अध्ययनमा अन्न पुर्णबचत तथाऋण सहकारीसंस्थावडा नम्बर १मा सञ्चालित भएकाले छनौटमा परेका सहकारीमा संलग्न गराउन महिला वा पुरुषलाई गोला प्रथाबाट छनोट गएिको थियो कुल३०० बाट१०० सदस्यहरुलाई सामान्य संभावना नमुना छनोट विधिको अवलम्वन गदै समानुपातित्व हुने गरी गरिएको थियो ।

## ३.४ अध्यानको क्षेत्र (Study of area Field)

नेपालको पश्चिमाअञ्चल विकास क्षेत्रमा पर्ने स्याङ्जा जिःल्लामा वाङसिङ, गा.वि.समा अवस्थित अन्नपुर्णबचत सहकारी संस्थालाई अध्यानको क्षेत्रमा लिएको छ ।

बचत तथा सहकारीसंस्थामाआवद्ध भएका स्थानिय समुदायको घरको अबस्था, सजावट, सरसफाई, खानेपानीको अवस्था सौचालय आदिको प्रत्यक्षय अध्यान गरिएको छ । जसको नमुना अनुसुचीमा १ देखाएको छ

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedures)

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा छनौटमा परेमा सहकारी संस्थाका अध्यक्ष तथा संलग्न , सदस्यहरुसँग प्रत्यक्ष रुपमा भेट गरिएको थियो । पत्र पत्रिका, लेख रचना, वुलेटिन, प्रकाशित अप्रकाशित पुस्तक ग्रन्थ शोध ग्रन्थ आफ्नो अध्ययनको उद्देश्य प्रष्ट पार्दै आवश्यक तथ्याङ्क संकलन गर्नको लागि सहयोग गरिदिन आग्रह गरिएको थियो । निर्माण गरिएका साधनहरुको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागी आवश्यक पर्ने तथ्याङ अन्तर्वाता प्रश्नवली अवलोकन अीदलाई साधनको रुपमा लिएको छ ।

### ३.६.१ प्रश्नावली (Questinnaire)

यस अध्ययनका निमित आवश्यक तथ्याङ्क हरुका लागि कृषि सहकारी सस्ंथामा आवध भएका स्थानिय समुदायको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाका बारेमा प्रश्नावलीको सहायताबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६.२ अवलोकन सुची (Observation List)

सहकारी संस्थामाआवद्ध भएका स्थानिय समुदायको घरको अबस्था सरसफाई, खानेपानीको अवस्था सौचालय आदिको प्रत्यक्षय अध्यान गरिएको छ । जसको नमुना अनुसुचीमा १ देखाएको छ ।

## ३.७ तथ्याङ्क संकलनका तरिकाहरु(Techniques of Data Collection)

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि निम्न प्रकारका साधन यस तथ्याङ्क संकलनका तरिकाहरु प्रयोग गरिएको थियो ।

### ३.७.१ प्रश्नावली (Quetinnaire)

अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु संकलन गर्नको एक मात्र साधनको रुपमा प्रश्नवली प्रयोग गरिएको छ ।सदस्यहरुलाई सहकारी संस्थाले प्रवाह गरेको ऋणको बारेमासम्बन्धित सहकारीका अध्यक्षसँग प्रश्नावलीको माध्यमबाट प्रत्यक्ष अर्न्तवार्ता लिएको थियोको थियो । जसको नमुना अनुसूची-१ मा देखाइएको छ ।

सहकारी संस्थामा संलग्न भएका सदस्यहरुको आर्थिक उनीहरुको र बालवालिकाको शैक्षिक अवस्थाको बारेमा तिनै सहकारीमा आवद्व सदस्यहरुसँग प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । जसको नमुना अनुसूची-२ मा देखाइएको छ ।

### ३.७.२ अर्न्तवार्ता (Interview)

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क गर्नका लागि एक मात्र तरिका अर्न्तवार्तालाई अध्यनको लागि तथ्याङ्क संकलन गर्ने तरिकाको रुपमा प्रयोग गरिएको थियो । उत्तरदातासँग भेटघाट गरी आमुन्ने सामुन्ने रुपमा बसी उनीहरुलाई प्रश्न सोधी अर्न्तवार्ता लिएको थियो ।

## ३.८ तथ्याङ्क विश्लेषण र व्याख्या प्रकृया (Data Analysis and Interpretation Procedure )

यस अध्ययनमा विभिन्न सुचना संकलनका लागि साधनहरु प्रयोग गरी प्राप्त गरिएका परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क र सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ । सदस्यहरुसँग गरिएको प्रश्नावली तथा अर्न्तवार्ताबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई उद्देश्य अनुसार विभिन्न ढाँचामा सांकेतिकीकरण, तालिकीकरण तथा रेखा चित्रद्वारा विश्लेषण गरिएको छ ।

# अध्याय चार(CHAPTER FOUR)

## ४. नतिजाको विश्लेषण रव्याख्या(Analysis and Interpretation of Reselt)

यस अध्यायमा बचत तथा ऋण सहकारी संस्थाको साधारण उदेश्यको परिचय प्रस्तुत गर्ने, सहकारी संस्थामा संग्लन सदस्यहरुको आर्थिक तथा बालबालिकाहरुको शैक्षिक अवस्थाको तुलना गर्नु,सहकारीमा संग्लन सदस्यहरुको समस्याको पहिचाहन गर्नु यस अध्यामा विश्लेषणगरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपाल एक भूपरिवेष्ठित देश हो । जुन गाँउ नै गाँउले भरिएको छ । यस देशको करिब ८१ प्रतिशत क्षेत्रफल ग्रामिण भू-भागमा रहेको छ । जसको कारणले यँहाको जनसंख्या शिक्षित हुन सकिरहेको छैन । जनसंख्या शिक्षित भएमा नै देशको साक्षरता प्रतिशत उच्च रहन्छ । सरकारको प्राथमिकताको क्षेत्र शिक्षा लगायत विकासका कार्यहरु साथै स्वास्थ्य जस्ता कार्यमा शहर तथा दुर्गम क्षेत्रलाई मात्र लिएको छ । तर ग्रामिण क्षेत्रलाई उपेक्षित गरिएको छ । यसै ग्रामिण तथा उपेक्षित क्षेत्र मध्येको क्षेत्र यस अध्ययन स्याङ्जा जिल्ला नेपालको पश्चिमा अञ्चल क्षेत्रको गण्डकी अञ्चलको पहाडी भागमा अवस्थित छ । यस जिल्लाले महाभारत पवर्त देखि चुरेपहाड माला सम्म ओगटेको छ । यस जिल्लामा पहाडी ऐरिया भएकाले हिमाल पहाड वेसी लेक र अन्य खोच मैदान समथर भूमि रहेको छ । यस स्याङ्जा जिल्लामाश्रवण कुमारको मन्दिर पनि अवस्थित छ । यस वर्षको यस श्रवण कुमारको मन्दिरमा बालचतुदर्शी दिन ठूलो मेला लाउँछ । यस स्याङ्जा जिल्लामा श्री पन्चासे पन्चघाम पनि रहेको छ । स्याङजा जिल्ला पहाडी ठाउँ भएकाले पहाड जस्तै गरी अवस्थित भई रहेको छ । नक्सामा पनि रहेको छ । आँधी खोला , सेती खोला छहरा छाँगाहरु बढी मात्रमा रहेको देखिन्छ यहाँ खोलाको फेदीमा ठूला ठूला फाँटहरु रहेका छन् । यस स्याङ्जा जिल्लामा ५७ ओटा गा.वि.स.हरु रहेका छन् । यी गा.वि.स. बेसी देखि पहाड सम्म लेक टार सबै क्षेत्रलाई समावेश गरि गा.वि.स. छुटाइएको छ । यसस्याङजा जिल्लाको ५७ वटा गा.वि.सहरु मध्ये वाङसिङ गा.वि.सको सोही जिल्लाको मध्ये पूर्वी पहाडी भागमा अवस्थित छ । यो गा.वि.समा परापुर्व काल देखि मानिसहरुको बसोबास निरन्तर रुपमा हुन थालेको थियो र अहिले सम्म पनि मानिसको विस्तार रुपमा

बढिरहेको छ । यस गा.वि.सबाट  सहर तिर सर्ने क्रम पनि बढि रहेको छ । यस गा.वि.समा संविधान सभाको चुनावमा गरिएको निर्वाचन आयोग क्षेत्र नं. १ रुपमा यस गा.वि.स रहेको छ । यस गा.वि.समा पहाडी सिरय भए पनि विकासको पूर्वाधारको सुविदा पुगेको नै देखिन्छ । यस गा.वि.समा विजुलीको सम्पूर्ण घर परिवारले उपभोग गरिरहेका छन् भो सञ्चारको पनि यस गा.वि.सको जुन सुकै कुना पनि मोबाइल फोनको सुविदा रहेको छ यसवाट नेट, इन्टरनेटको पनि जडान गरिएको छ । यस गा.वि.सबाट हिमालका रमणीय हिउँका पहाड देख्न पाइने र जतातत्तै हरियो वेसी, खोच लेक पहाड सम्मलाई यस गा.वि.सले ओगटेको छ । यस गा.वि.स. भित्र ९ ओटा वडाहरु रहेको छ  यहाँ बढि मात्रामा ब्रामण, क्षेत्री बसोबासमा वढी बाहुल्यता छ (जि.वि.स.प्रोफ्इल ,(२०६७) ।

## ४.१.१ स्याङ्जा जिल्लाको भौगोलिक स्थिति(Gerographical position of syangja District)

जिल्लामा विकासको क्षेत्रमा पनि अगाडी नै  छ । भने शिक्षित मानिसहरु पनि यस जिल्लामा अरुको तुलनामा धेरै अगाडी रहेको  छ । यो स्याङजा जिल्ला यहाँ ३ ओटा नगर पालिका रहेका छन् पुतली बजार, रत्नपुर नगरपालिका वालिङ्ग नगरपालिका  सामान्य पहाड देखि लिएर विकट पछाडी क्षेत्र सम्म रहेको छ ।   यस स्याङजा जिल्लाको ११६४ वर्ग किलो मिटर छ  यसको ८३°२६ देखि ८४°४६ पूर्वी देशान्तर र २६°, ५२ देखि २८°, १३ उत्तरी अक्षांसम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतह देखि ३६६ मोटर देखि २५१२ उचाई मिटर सम्म रहेको छ । यो स्याङ्जा जिल्ला रहेको छ । यस जिल्लालाई सिद्धार्थ राजमार्गले जोडिएको छ । यस जिल्लाका कुल जनसंख्या जम्मा २८९१४८ रहेको छ । कार्यका लागि लिएको क्षेत्र स्याङजा जिल्ला पनि एक हो ।

## ४.१.२ उद्देश्यहरु (Objectives)

यस सहकारी संस्थाका उद्देश्य अध्ययन सर्वेक्षण गर्दामा समयमा यस प्रकार रहेको पाइयो ।

(क) संस्थामा संलग्न सदस्यहरुमा मितव्ययी भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने,

(ख) सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवं आत्म निर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।

(ग) ऋणी सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने ।

(घ) ऋणी सदस्यहरुको निर्णय गर्ने क्षमतामा वृद्धि गर्ने प्रथा प्रजातान्त्रिक प्रकृयामा सहभागी हुने अवसर बढाउने ।

(ङ) ऋणी सदस्यहरुलाई आफ्नो विकास आफै गर्नु पर्छ भन्ने भावनाको विकास गराउने ।

(च) व्यापार व्यावसाय सम्बन्धि कार्यक्रमलाई निरन्तरता प्रदान गर्न ऋण सुविधा प्रदान गराउने ।

(छ) विभिन्न सहकारी तथा ग्रैर सहकारी संघ संस्थाहरुसँग सु-सम्बन्ध स्थापना गरी सदस्यहरुलाई सेवा सुविधा प्रदान गर्दै लैजानु ।

### ४.१.३ कार्यहरु (Functions)

(क) ऋण सदस्यहरुको आय बढाउन र शैक्षिक स्तर उकास्न कर्जाको व्यवस्था साथै दैनिक बचतको व्यवस्था

(ख) व्यापारीहरुलाई व्यापार गर्न आवश्यक कर्जाको व्यवस्था

(ग) विभिन्न तालिम तथा गोष्ठि संचालन गरी स्थानिय सदस्यहरुलाई हरेक सामाजिक क्रियाकलापमा सहभागी गराई अग्रसर गराउने ।

(घ) विभिन्न सरकारी तथा ग्रैर सरकारी संघ संस्थाहरुसँग सु-सम्बन्ध स्थापना गरी संस्था मार्फत उपलब्ध सेवाको प्रयोग गर्ने ।

(ङ) ऋणी सदस्यहरुको नेतृत्व विकास गरी निर्णय लिन सक्ने क्षमताको वृद्धि गराउने ।

(च) संस्थाका सदस्यहरुलाई आय आर्जन गर्न विना धितो ऋणको व्यवस्था गर्दै लैजाने ।

(छ) खेती परियोजनामा सघाउ पुऱ्याउन विभिन्न कार्यक्रम संचालन गर्ने ।

(ज) ऋणी सदस्यहरुमा भएको अन्धविश्वास तथा रुढीबादी प्रथा हटाउन प्रयास गर्दै लैजाने ।

### ४.१.४ हालसम्मका सदस्यहरु (Present Members)

तालिका ४.१

शेयर सदस्यहरुको संख्या र प्रतिशत २०७०

| वडा नं. | समिति संख्या | शेयर सदस्य | प्रतिशत |
|---|---|---|---|
| १ | ४ | ७ | २४.१४ |
| २ | ४ | ६ | २०.६९ |
| ३ | ३ | ४ | १३.७९ |
| ४ | २ | ३ | १०.३४ |
| ५ | १ | ४ | १३.७९ |
| ६ | २ | २ | ६.९० |
| ७ | १ | १ | ३.४५ |
| ८ | ३ | २ | ०.९० |
| **जम्मा** | २० | २९ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७० ।

प्रस्तुत तालिका अनुसार वाङसिङ्ग गा.वि.स. मा अवस्थित अन्नपूर्ण बचत तथा सहकारी संस्थामा संलग्न शेयर सदस्य २९ जना रहेको पाइयो । जम्मा २० वटा समितिहरु रहेको पाइयो । यसमा संस्थाको वडा नं.१ मा सवै भन्दा बढी २३.५२ रहेका छन् भने यस संस्थाको वडा नं. ...३..... मा सवै भन्दा कम शेयर सदस्य रहेको पाइयो ।

### ४.१.५ संस्थाको संगठनात्मक अवस्था (Organizational Condition of Institution)

अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि. को संगठनात्मक चार्ट निम्न अनुसार रहेको छ ।

OrganizationalChart of Instiution




स्रोतः पौड्याल, २०७०।

### ४.१.५ यस संस्थामा संचालनमा रहेका कार्यक्रमहरु (Programmes Operationing this Institution)

यस सहकारी अन्नपूर्ण बचत तथा सहकारीले संचालन गरेका कार्यक्रमहरु निम्न अनुसार रहेका छन् ।

(क) बाखा पालन कार्यक्रम (२०६५)

(ख) तरकारी खेती कार्यक्रम (२०६५)

(ग) ट्वाईलेट निर्माण कार्यक्रम (२०६६)

(घ) गोवर ग्यास प्लाण्ट (२०६७)

(ङ) बनजंगल संरक्षण कार्यक्रम (२०६८)

(च) वृक्षारोपण कार्यक्रम (२०६९)

(छ) सरसफाई कार्यक्रम (२०७०)

## ४.२ ऋष लगानी तथा भुक्तानी र ब्याजदर सम्बन्धि विवरण(Provision of Loan Investiment Payment and Intterest Rate)

यस सहकारी संस्थामा ऋण लगानी, ब्याजदर, ऋण भुक्तानी,बचत विवरण, बाकी अवस्था र लगानिको क्षेत्रगत विवरण जस्ता तथ्याङ्कहरुको ब्याख्या गरिएको छ । यस सहकी संस्थालेदेशकोआर्थिक विकासमा टेवा पुयाउनका लीग यो सहकारीस संस्थाको स्थापना भएको हो ।

यस सहकारीले चल्ति, मुद्धति र क्रमिक बचत खाता संचालन गरी यस संस्थाका सदस्यहरुलाई बिना धितो सस्तो ब्याजदरमा ऋण सुविधा दिदैं आएको छ र अन्य तालिम सम्बन्धि सुविधा पनि दिदै आएको छ । यस सहकारी संस्थाको ऋण लगानी, असुली र व्याजदर सम्बन्धि व्यावस्थालाई तल प्रस्तुत गरिएको छ ।

### ४.२.१ ब्याजदर सम्बन्धि प्रावधान (Provision of Interest Rate)

यस संस्थाद्वारा वितरण गरिने ऋण (लगानी) मा शैक्षिक कर्जा क्षेत्र तर्फ १४ प्रतिशत भवन निर्माण, १६ प्रतिशत स्वास्थ्य उपचार गर्न, ५ प्रतिशत व्यापारीक कर्जा, १७.५ प्रतिशत बैदेशिक रोजगारमा १३ प्रतिशत लिने गरेको पाइयो । यस संस्थाका सदस्यहरुले क्रमिक साधारण वचत खाता १ वर्षमा ८ प्रतिशतले व्याज लिने व्यवस्था गरेको पाइयो भने २ वर्षमा १० प्रतिशत र ३ वर्षमा १२ प्रतिशत व्याज लिने व्यवस्था गरेको पाइयो । यस संस्थामा साधारण बचत खातामा ८ प्रतिशत र व्यावसायिक बचत ५ प्रतिशत, नारी वचतमा १० प्रतिशत लिने गरेको पाइयो । सदस्यहरुको बचत र शेयरलाई परिचालन गरी लगानी गर्दा प्राप्त आय विचको मुनाफाबाट नै यस संस्थाको प्रशासनिक खर्च र अन्य खर्चमा लगाउने गरेको पाइयो । त्यसबाट बांकि रहेको रकम शेयर सदस्यलाई बोनसको रुपमा बाड्ने गरेको पाइयो ।

**तालिका ४.२**

**व्याजदर सम्बन्धि प्रावधान २०७०**

| क्र.सं. | विवरण | वर्ष | व्याजदर प्रतिशत |
|---|---|---|---|
| १. | बैदेशिक रोजगार कर्जा | १ वर्ष | १८ |
| २. | भवन निर्माण | १ वर्ष | १६ |
| ३. | शैक्षिक कर्जा | १ वर्ष | १४ |
| ४. | व्यापारिक कर्जा | १ वर्ष | १७ |
| ५. | साधारण वचत खाता | १ वर्ष | ८ |
| | | २ वर्ष | १० |
| | | ३ वर्ष | १२ |
| ६. | व्यावसायिक वचत खाता | १ वर्ष | ५ |
| | | २ वर्ष | ६ |
| | | ३ वर्ष | ७ |
| ७. | नारी वचत खाता | १ वर्ष | १० |
| | | २ वर्ष | १२ |
| | | ३ वर्ष | १४ |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

## ४.२.२ ऋण भुक्तानिको प्रावधान (Provision of Loan Payment)

यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तिमा ६ महिनाको र बढीमा १२ महिना अर्ध एक वर्ष सम्मको लागि दिने व्यावस्था गरेको पाइयो । यदि ऋणी सदस्यले चाहेको खण्डमा दिन सकेको खण्डमा तोकिएको साँवा ब्याज सहित अघिनै पनि बुझाउन सकिने गरेको पाइयो । यसमा एक वर्षसम्म ब्याज मात्र बुझाउने र १ वर्ष पछि साँवा पनि भुक्तानि गरेको पाइयो । यसमा यदि कुनै सदस्यद्वारा ब्याज र साँवा समयमा भुक्तान गर्न नसकेकोमा साप्ताहिक रु.६० का दरले जरिवाना गरेको पाइयो ।

**तालिका ४.३**

**ऋण भुक्तानि सम्बन्धि प्रावधान२०७०**

| क्र.सं. | शिषर्क | असुली समय | |
|---|---|---|---|
| | | न्युनतम | ऋधिकतम |
| १. | शिक्षा | ६ महिना | १६ महिना |
| २. | भवन निर्माण | ४ महिना | १८ महिना |
| ३. | बैदेशिक रोजगार | १२ महिना | २४ महिना |
| ४. | व्यापार/व्यावसाय | ३ महिना | ९ महिना |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका ४.३ का अनुसार ऋणको शिर्षक र असुली समय देखाएको छ । व्यापार व्यावसायमा न्युनतम ६ महिना र अधिकतम १६ महिना, शिक्षामा न्युनतम ५ महिना र अधिकतम १८ महिना, बैदेशिक रोजगारमा न्युनतम १२ महिना र अधिकतम २४ महिना, भवन निर्माणमा १० महिना न्युनतम र अधिकतम २० महिनामा ऋण असुली गरेको पाइयो ।

### ४.२.३ बचत विवरण (Detail of Saving)

यस संस्थामा संलग्न भएका सदस्यहरुले आ-आफ्नो क्षमता बमोजिम रकम यस संस्थाको नियम अनुसार बचत गर्दछन् । यसरी प्रत्येक सदस्यहरुको प्रत्येक दिन गरिएको बचत यस संस्थाको कर्मचारी मार्फत उक्त सहकारी संस्थामा बुझाउनु पर्ने रहेको पाइयो । यसरी गरिएको बचतमा सहकारी संस्थाले वार्षिक १८ प्रतिशतका दरले ब्याज दिने गरेको पाइयो । यस संस्थामा रहेको सामान्य बचत, व्यावसायिक वचत र महिला बचत गरी बचतलाई तलको तालिकामा देखाएको छ ।

**तालिका ४.४**

**यस संस्थाको बचत विवरण** (आ.व.२०६७/०६८/२०६८ /०६९ /२०६९ /०७०

| क्र.सं. | बचत निक्षेप | संस्थामा रहेको बचत(रु) |
|---|---|---|
| १. | सामान्य बचत २०६७/०६८ | ८,६०,१६० |
| २. | ब्यावसायिक बचत २०६८/ ०६९ | ३०,१०,११५ |
| ३. | महिला बचत २०६९/ ०७० | ४०,५०,७०० |
| | **जम्मा** | ७९,२०,९७५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका४.४ अनुसार यस संस्थामा सामान्य नियमित बचत रु.८,६०,१६०, व्यावसायिक बचतमा रु.३०,१०,११५ र महिला बचतमा रु.४०,५०,७०० रहेको पाइयो । यस संस्थामा हाल जम्मा रकम रु.७९,२०,९७५ रहेको पाइयो ।

### ४.२.४लगानीको अवस्था (Condition of Investment)

अघिल्लो वर्षको लगानीमा रहेको रकममा वर्षको ऋण लगानी रकम जोडेर यस वर्षको असुली घटाँउदा प्राप्त हुने रकम राशीलाई यस वर्षको लगानीमा रहिरहेको रकम

भनिन्छ । यस सहकारी संस्थाले सामान्य बचत, व्यावसायिक बचत, महिला बचत र शेयर रकम जम्मा गरेर शेयर सदस्य र अन्य सदस्यहरुको लगानी गरेको पाइयो । उक्त ऋण लगानीमा १८ प्रतिशत व्याजदरमा रहेको पाइयो । आ.व.२०६७/०६८, आ.व.२०६८/०६९ र आ.व.२०६९/०७० को लगानी असुली र बाँकी रकमलाई तालिकामा देखाएको छ ।

**तालिका ४.५**

**संस्थाको लगानीको अवस्था (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)**

| विवरण | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | जम्मा |
|---|---|---|---|---|
| ऋण साँवा रु) | १५,९२,३१९।- | २,०५,७८,७२५।- | २,५७,०१,६१६।- | ४,७८,७२,६६०।- |
| प्रतिशत | ३.३४ | ४२.९८ | ५३.६८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका४.५ अनुसार जम्मा रु. ४,७८,७२,६६०।- ऋणीहरुलाई लगानी गरेको पाइयो । जसमा आ.व.२०६७/०६८ को लगानी रकम रु.१५,९२,३१९।- जुन कुल लगानीको ३.३४ प्रतिशत लगानी गरेको पाइयो र आ.व.२०६८/०६९ मा कुल लगानी रु.२,०५,७८,७२५।- लगानी गरेको पाइयो यसको प्रतिशतमा ४२.९८ रहेको पाइयो । आ.व.२०६९/०७० को कुल लगानी रु.२,५७,०१,६१६।- जुन कुल लगानीको ५३.६८ प्रतिशत भएको पाइयो भने तीन वर्षको जम्मा ऋण लगानी रु.४,७८,७२,६६०।- भएको पाइयो ।

### ४.२.५ भुक्तानिको अवस्था (Condition of Payment)

यस संस्थामा ऋणीहरुले सहकारी संस्थाबाट ऋण लाने गर्दछन् र केहि समय पछि त्यस ऋणको साँवा ब्याज सहित संस्थामा वुझाउने गर्दछन् । जसमा सहकारी संस्थामा जति रकम लगेको हो त्यसको उपभोग गरे बापत थप गरी संस्थामा फिर्ता गर्नुलाई असुली ( भुक्तानि) गरेको भन्ने गरिन्छ । नमुना छनौटमा परेको सहकारीले आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७० जति रकम लगानी गरेको थियो त्यस रकमको भुक्तानिलाई तलको तालिबाट देखाएको छ ।

**तालिका ४.६**

**भुक्तानिको अवस्था (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)**

| विवरण | वर्ष | रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| असुली ( रु) | २०६७/०६८ | ३५,६६,७८३।- | २८.०८ |
| | २०६८/०६९ | ३९,९३,९०५।- | ३१.४६ |
| | २०६९/०७० | ५१,३७,५८८।- | ४०.४६ |
| | जम्मा | १,२६,९८,२७६।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

प्रस्तुत तालिका ४.६ अनुसार जम्मा भुक्तानि भएको रकम रु.१,२६,९८,२७६।- भएको पाइयो । जुन आ.व. ऋण असुली २०६७/०६८ मा रु.३५,६६,७८३।- जुन भुक्तानिको २८.०८ प्रतिशत हो भने आ.व.२०६८/०६९ मा रु.३९,९३,९०५।- मा ३१.४६ प्रतिशत भुक्तानि भयो । यसै गरी आ.व.२०६९/०७० मा रु.५१,३७,५८८।- जुन कुल भुक्तानिको ४०.४६ प्रतिशत भुक्तानि भएको पाइयो ।

### ४.२.६ लगानिको क्षेत्रगत विवरण (Detail of Sectorwise Investment)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, वैदेशिक रोजगारी, भवन निर्माण गर्नका लागि ऋण दिने गरेको पाइयो । व्यापारमा किराना पसल, कपडाको पसल, तरकारी पसल, होटल, फेन्सी, होलसेल पसल, विक्रि केन्द्र र होटलहरु पर्दछन् । वैदेशिक रोजगार भन्नाले नेपालको सीमा भन्दा वाहिर गएर गर्ने जनु सुकै कामलाई रोजगारी भनिन्छ । यस सहकारी संस्थाले आ.व.२०६८/०६८ देखि २०७० मा लगानी गरेको विवरण निम्न तरिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.७**

**लगानीको क्षेत्रगत विवरण** (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)

| क्र.सं. | विवरण | वर्ष | प्रतिशत | लगानी गरिएको रकम रु.मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शैक्षिक कर्जा | २०६७/०६८ | १४ | १०,००,०००।- | ४.७७ |
| | | २०६८/०६९ | १४ | २५,६५,०००।- | १२.२२ |
| २. | व्यापारिक कर्जा | २०६७/०६८ | १७ | ८८,००,०००।- | ४१.९० |
| | | २०६८/०६९ | १७ | ५०,००,०००।- | २३.९० |
| ३. | भवन निर्माण | २०६८/०६९ | १६ | १७,००,०००।- | ०.०९ |
| | | २०६९/०७० | १६ | १४,००,०००।- | ६.६७ |
| ४. | वैदेशिक रोजगार | २०६७/०६८ | १८ | १,७८,०००।- | ०.८५ |
| | | २०६८/०६९ | १८ | ३,२७,०००।- | १.७० |
| | | जम्मा | | २,१०,००,०००।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

प्रस्तुत तालिकामा४.७ सहकारी संस्थाले ऋण सदस्यहरुलाई दिदै आएको ऋण लगानीलाइ क्षेत्रगत रुपमा देखाएको छ । उक्त तालिका अनुसार आ.व.२०६७/०६८ र आ.व.२०६८/०६९ र आ.व.२०६९/०७० मा जम्मा रु.२,१०,००,०००।- ऋण लगानी गरेकोमा शैक्षिक क्षेत्रमा रु.१०,००,०००।- र २५,६५,०००।- लगानी गरिएकोमा १४ प्रतिशत व्याजदरमा लगाएको थियो । यस क्षेत्रको लगानी कुल लगानीको ४.७७ र १२.२२ प्रतिशत रहेको पाइयो । यसै गरी एवं रितले लगानी गरिएको छ । क्रमशः वैदेशिक रोजगारीमा २०६७/०६८ र २०६९/०७० मा लगानी १८ प्रतिशत व्याजदर लगाएको छ भने प्रतिशमा ०.८५ र १.७० लगानि गरेको पाइयो ।

## ४.३ सहकारीको आम्दानी, बचत र खर्चको विवरण (Detail of Income, Saving and Expenditure)

नमुना छनौटमा परेका सहकारीले विभिन्न क्षेत्रबाट आम्दानी प्राप्त गरेको पाइयो भने यस आम्दानीले विभिन्न क्षेत्रमा खर्च गरी बचत गर्ने गरेको पाइयो । यसलाई तहगत र क्षेत्रगत रुपमा तलको तालिकामा देखाएको छ ।

### ४.३.१ सहकारीको वार्षिक आम्दानी (Anual Inceome of Co-operative)

सहकारीको वार्षिक आम्दानी, सहकारीका वार्षिक खर्च, बचतको अवस्था ,नाफाकाबाँडफाँडको अवस्था व्याख्या गरेको पाइयो । यस संस्थाको वार्षिक आम्दानीलाई तहगत रुपमा तलको तालिकामा देखाएको छ ।

**तालिका ४.८**

**वार्षिक आम्दानीको स्थिति** (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)

| **वर्ष** | **आम्दानी**(रु) | **प्रतिशत** |
|---|---|---|
| २०६७/०६८ | ३,७४,१९१।- | ५.०३ |
| २०६८/०६९ | ३९,५७,८९७।- | ५३.२० |
| २०६९/०७० | ३१,०६,७०३।- | ४१.७७ |
| **जम्मा** | ७४,३८,७९१।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिकामा४.८ यस सहकारी संस्थाले प्राप्त गरेको ३ वर्षको आम्दानीलाई तहगत रुपमा देखाएको छ । ३ वर्षको जम्मा आम्दानी रु.७४,३८,७९१।- रहेको पाइयो । आ.व.२०६७/०६८ मा ३,७४,१९१।- रकम वा जम्मा आम्दानीको ५.०३ प्रतिशत र आ.व.२०६८/०६९ मा ३९,५७,८९७।- रकम वा जम्मा आम्दानीको ५३.२० प्रतिशत र आ.व.२०६९/०७० को रकम ३१,०६,७०३।- वा जम्मा आम्दानीको ४१.७७ प्रतिशत रकम आम्दानीको रुपमा प्राप्त गरेको पाइयो ।

### ४.३.२ सहकारीको वार्षिक खर्च (Annual Expenditure of Co-operative)

नमुना छनौटमा परेको सहकारीले प्राप्त गरेको आम्दानीको सम्पूर्ण रकम बचत मात्र नभएर खर्च पनि हुने गरेको पाइयो । यस संस्थाको वार्षिक खर्चलाई तहगत रुपमा तलको तालिकामा देखाएको छ ।

### तालिका ४.९

### सहकारीको वार्षिक खर्चको स्थिति (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)

| वर्ष | खर्च(रु) | प्रतिशत |
|---|---|---|
| २०६७/०६८ | ४,७३,५९८।- | ७.६२ |
| २०६८/०६९ | २४,६२,७२६।- | ३.९६ |
| २०६९/०७० | ३२,७४,१८६।- | ५२.७२ |
| जम्मा | ६२,१०,५१०।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका४.९ अनुसार यस संस्थाको जम्मा खर्च ६२,१०,५१०।- खर्च भएको पाइयो । आर्थिक वर्ष २०६७/०६८ मा ७.६२ प्रतिशत र आर्थिक वर्ष २०६८/०६९ मा ३.९६ प्रतिशत र २०६९/०७० मा ५२.७२ प्रतिशतले खर्च हुने गरेको पाइयो ।

### ४.३.३ बचतको अवस्था (Condition of Saving)

नमुना छनौटमा परेको यस सहकारी संस्थाले प्राप्त गरेको आम्दानीबाट खर्च घटाएर बाँकि रहेको रकमलाई बचतको रुपमा तलको तालिकामा देखाएको छ ।

### तालिका ४.१०

### वचतको स्थिति -आ.व.२०६७ /०६८/ २०६८/ ०६९/ २०६९/ ०७०

| वर्ष | बचत(रु) | प्रतिशत |
|---|---|---|
| २०६७/०६८ | ११,४६,८३७।- | ३४.९८ |
| २०६८/०६९ | ८,७०,२२२।- | २६.५४ |
| २०६९/०७० | १२,६१,३५६।- | ३८.४८ |
| जम्मा | ३२,७८,४१६।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

प्रस्तुत तालिका४.१० अनुसार यस सहकारीले आर्थिक वर्ष २०६७/०६८ मा बचत जम्मा ११,४६,८३७।- पाइयो भने ३४.९८ प्रतिशत रहेको छ । आ.व.२०६८/०६९ मा ८,७०,२२२।- र २६.५४ प्रतिशत रहेको छ । आ.व.२०६९/०७० मा १२,६१,३५६।- रहेको र ३८.४८ प्रतिशत रहेको पाइयो ।

### ४.३.४ नाफा बाँडफाँडको अवस्था (Condition of Profit Distribution)

ऋण सदस्यहरुद्वारा गरिएको बचतलाई यस सहकारी संस्थाले लगानी गर्दा प्राप्त मुनाफाबाट संस्थाको प्रशासनिक खर्च र अन्य खर्च कटाएर बाँकि रहेको रकमलाई यस संस्थाले विभिन्न कोषमा बाड्ने गरेको पाइयो । आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७० क्रमशः आम्दानी रु.३,७४,१९१।-, ३९,५७,८९७।- र ३१,०६,७०३।- कुल खर्च आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७० क्रमशः ४,९३,५९८।-, २४,६२,७२६।- र ३२,७४,१८६।- बचतमा कोषको विकासमा संस्थालाई केही घाटा नहोस् भन्नको लागि कोषमा कुल बचतमा रु.३२,७८,४१६।- जसमा २५ प्रतिशत छुट्याई बाँकि कोषमा बाड्ने गरेको पाइयो । जसमध्ये २०६८, २०६९ र २०७० को बचतलाई क्रमशः २५ प्रतिशत कोषमा जगेडा राखि बाँकि रकमलाई विभिन्न कोषमा राखेको पाइयो ।

| | | | |
|---|---|---|---|
| आ.व. | ३,७४,१९१ | ३९,५७,८९७ | ३१,०६,७०३ |
| | -९३,५४७.७५ | -९,८९,४७४।२५ | -७,७६,६७५.७५ |
| | २,८०,६४४ | २९,६८,४२३ | २३,३०,०२७ |

२५ प्रतिशत कोषमा छुट्याई बाँकि रकम विभिन्न कोषमा बाड्ने गरेको पाइयो । यसलाई आ.व.२०६८, २०६९ र २०७० को तलको तालिकाबाट पनि देखाउन सकिन्छ ।

### तालिका ४.११

### नाफाको वितरण स्थिति (आ.व.२०६७/०६८, २०६८/०६९ र २०६९/०७०)

| क्र.सं. | कोष | २०६७/०६८ | | २०६८/०६९ | | २०६९/०७० | |
|---|---|---|---|---|---|---|---|
| | | रकम (रु.मा) | प्रतिशत | रकम (रु.मा) | प्रतिशत | रकम (रु.मा) | प्रतिशत |
| १. | शेयर बोनस कोष | १२,७९४।- | ४.५६ | १०,४५,२१०।- | ५.४८ | १,२३,२१३।- | ३५.२१ |
| २. | कर्मचारी बोनस कोष | ८०.५५०।- | २८.७० | १२,१३,५०९।- | ४.८३ | १,१२,५४२।- | ४०.८९ |
| ३. | संरक्षित कोष | २०,३००।- | ७.२४ | ५,७६,१९३।- | ४०.१४ | ९,३५,३१०।- | १९.४१ |
| ४. | सहकारीता विकास कोष | ९६,०००।- | ३४.२० | ८,१२,३००।- | २६.६६ | ६,२०,५२०।- | २७.३७ |
| ५. | घाटा पूर्ति कोष | ७१,०००।- | २५.२० | ३,२१,२११।- | २३.१० | ५,३८,४४२।- | १०.८२ |
| | जम्मा | २,८०,६४४।- | १०० | २९,६८,४२३।- | १०० | २३,३०,०२७।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१।

प्रस्तुत तालिका४.११ अनुसार यस संस्थाले प्राप्त नाफालाई विभिन्न कोषमा विभाजन गरेको छ । शेयर बोनस कोषमा ४.५६ प्रतिशत, कर्मचारी बोनस कोषमा २८.७० प्रतिशत, संरक्षित पूँजी कोषमा ७.२४ प्रतिशत, सहकारिता विकास कोषमा ३४.२० प्रतिशत, घाटा पूर्ति कोषमा २५.२० प्रतिशत भएको पाइयो । यसमा सवै भन्दा धेरै सहकारीता विकास कोषमा ३४.२० प्रतिशत भएको पाइयो भने आ.व.२०६९/०७० मा शेयर बोनस कोषमा सवै भन्दा धेरै ३५.२१ प्रतिशत भएको पाइयो ।

## ४.४ नमुना छनौटमा परेका सदस्यहरुको उमेर, जात, धर्म र पेशागत विवरण (Age, Caste, Religious and Occupation of Sampled Memners)

सहकारीता बचत खाता खोली संस्थामा प्रवेश गरेका व्यक्तिलाई सहकारीतामा संलग्न भएका विभिन्न पेशमा आवद्ध भएका सदस्यहरुबाट उमेर समुह, जातिय विवरण, पेशा सम्बन्धि विवरण र धार्मिक विवरणलाई निम्न अनुसार देखाएको छ ।

### ४.४.१ नमुना छनौट सदस्यको उमेरगत विवरण (Agewise Details of Sampled Member)

नमुना छनौटमा परेका सहकारी संस्थामा संलग्न भएका १०० जना सदस्यहरुको (२० वर्ष भन्दा तल २०-२३ वर्ष, ३०-४० वर्ष, ४०-४५ वर्ष र ५० वर्ष माथिका) उमेर

समुहको आधारमा अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त सदस्यहरुको उमेर समुह विवरणलाई निम्नानुसारको तालिकामा देखाएको छ ।

**तालिका ४.१२**

**उमेरगत जनसंख्या २०७०**

| क्र.सं. | उमेर समुह वर्ष | महिला | पुरुष | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २० भन्दा तल | ७ | ८ | १५ | १५ |
| २. | २०-३० | १९ | ९ | २८ | २८ |
| ३. | ३०-४० | १२ | १३ | २५ | २५ |
| ४. | ४०-५० | १४ | ६ | २० | २० |
| ५. | ५० भन्दा माथि | ५ | ७ | १२ | १२ |
| | **जम्मा** | ५७ | ४३ | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका ४.१२अनुसार नमुना छनौटमा परेका जम्मा १०० जना सदस्यहरु मध्ये २० भन्दा माथिका महिला ७ जना छन् भने पुरुष ८ जना रहेको पाइयो । २०-३० समुहमा महिला १९, पुरुष ९ जना गरी जिम्मा २८ जना रहेको पाइयो । ३०-४० का सदस्यहरु महिला १२ जना र पुरुष १३ जना गरी जम्मा २५ जना रहेको पाइयो । त्यसै गरी ४०-५० का सदस्यहरु महिला १४, पुरुष ६ जना गरी जम्मा २० जना रहेको पाइयो । ५० भन्दा माथिका महिला ५ जना र पुरुष ७ गरी जम्मा १२ जना रहेको पाइयो । महिला ५७ जना पाइयो भने पुरुष ४३ भएको पाइयो । सवै भन्दा थोरै ५० वर्ष माथिको भएको पाइयो भने सवै भन्दा धेरै २०-३० उमेर समुहका सदस्यहरु भएको पाइयो ।

### ४.४.२ सहकारीका सदस्यहरुको जातिगत विवरण (Castewise Datails of Co-operative Member)

यस वाङसिङ्ग गा.वि.स. मा विविध जातजातिहरुका मानिसहरुको बसोवास रहेको पाइयो । जसमा ब्राह्मण, क्षेत्री, दमाई, कामी र सुनुवार आदि मानिसहरु बसोवास गरेको पाइयो । अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका स्थानिय सदस्यहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पाइएको जातिगत विवरणलाई तलको तालिकामा देखाएको छ ।

### तालिका ४.१३

### जातिगत विवरण २०७०

| क्र.सं. | जत | महिला | पुरुष | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ब्राह्मण क्षेत्री | ११ | १४ | २५ | २५ |
| २. | जनजाती | १३ | १८ | ३१ | ३१ |
| ३. | द्यलित | १० | १० | २० | २० |
| ४. | अन्य | ८ | १६ | २४ | २४ |
| | **जम्मा** | ४२ | ५८ | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

प्रस्तुत तालिकामा ४.१३ नमुना छनौटमा परेको सदस्यहरुको जातीय स्वरुपलाई देखाएको छ । जसमा ब्राह्मण/क्षेत्रीमा महिला सदस्य ११ जना र पुरुष १४ जना गरी जम्मा २५ जना रहेको पाइयो । त्यसै गरी जनजाती महिला १३ जना र पुरुष १८ जना गरी जम्मा ३१ जना रहेको पाइयो । दलित महिला १० जना र पुरुष १० जना गरी जम्मा २० जना रहेको पाइयो । अन्यमा महिला ८ जना र पुरुष १६ जना गरी जम्मा २४ जना रहेको पाइयो । जातिगत आधारमा हेर्दा सहभागितामा लगभग उस्तै उस्तै रहेको पाइयो ।

## ४.४.३ नमुना छनौट सदस्यको धार्मिक विवरण (Religious Details of Sampled Member)

### तालिका ४.१४

### धार्मिक विवरण २०७०

| क्र.सं. | धर्म | महिला | पुरुष | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | हिन्दु | २९ | ३५ | ६४ | ६४ |
| २. | बौद्ध | ८ | १६ | २४ | २४ |
| ३. | क्रिश्चियन | ३ | ३ | ६ | ६ |
| ४. | अन्य | २ | ४ | ६ | ६ |
| | **जम्मा** | ४२ | ५८ | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१।

प्रस्तुत तालिका ४.१४अनुसार नमुना छनौटमा परेका व्यापारी सदस्यहरुमध्ये महिला पुरुष गरी जम्मा ६४ जना हिन्दु धर्म मान्ने रहेका छन् । बौद्ध धर्म मान्ने महिला पुरुष गरी २४ जना रहेका छन् । त्यसै गरी क्रिश्चियन धर्म मान्ने ६ जना र अन्य धर्म मान्ने ६ जना रहेको पाइयो । सवै भन्दा धेरै हिन्दु धर्म मान्ने मानिसहरु रहेको पाइयो ।

### ४.४.४ सहकारीका सदस्यहरुको पेशागत विवरण (Occupational of Co-operativeMember)

नमुना छनौटमा परेका सहकारीतामा संलगन भएका सदस्य व्यापारी जम्मा १०० जना सदस्यहरु विभिन्न व्यावसायमा संलग्न रहेको पाइयो । यस्ता व्यावसायहरु किराना, फेन्सि, होटल, कपडा पसल, ब्यूटि पार्लर, गहना पसल, औषधि पसल र तरकारी विक्रि केन्द्रहरु रहेका छन् । अध्ययन सर्वेक्षण गर्दाको समयमा नमुना छनौटको रुपमा छनौट भएका सदस्यहरुको व्यावसाय सम्बन्धि विवरण निम्न तालिकाबाट देखाएको छ ।

**तालिका ४.१५**

**अध्ययन क्षेत्रका सदस्यहरुको पेशा सम्बन्धि अवस्था २०७०**

| क्र.सं. | व्यावसायका प्रकार | महिला | पुरुष | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | किराना पसल | ३ | १२ | १५ | १५ |
| २. | फेन्सि पसल | ९ | ६ | १५ | १५ |
| ३. | होटल | ८ | ११ | १९ | १९ |
| ४. | कपडा पसल | ६ | १२ | १८ | १८ |
| ५. | ब्यूटि पार्लर | ५ | - | ५ | ५ |
| ६. | औषधि पसल | २ | ६ | ८ | ८ |
| ७. | तरकारी पसल | ५ | ६ | ११ | ११ |
| ८. | अन्य | ४ | ५ | ९ | ९ |
| | **जम्मा** | ४२ | ५८ | १०० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७१।

प्रस्तुत तालिका ४.१५अनुसार अध्ययन क्षेत्रका नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका सदस्य व्यापारीहरुको व्यावसाय सम्बन्धि अवस्थालाई हेर्दा सवै भन्दा बढी कपडा व्यावसायमा संलग्न महिला फेन्सी पसल गर्नको लागि संलग्न भएको पाइयो । यँहा

देर्हा होटल व्यावसायमा संलग्न १९ जना भएको पाइयो र ब्यूटिपार्लर व्यावसायमा ५ जना महिला मात्र समावेश भएको पाइयो ।

## ४.५ ऋणका स्रोतहरु, ऋण लिनुको उद्देश्य र ब्याजदर (Sources of Lown, Objective of Loan & Interest Rate)

नमुना छनौटमा परेका सहकारीमा संलग्न व्यापारी सदस्यहरुले सहकारीमा संलग्न हुनु अघि र पछि ऋणका स्रोतहरु, ऋण लिनुको उद्देश्य र व्याजदर सम्बन्धि प्रक्रियालाई छुट्टा-छुट्टै शिर्षकमा देखाएको छ ।

### ४.५.१ सहकारीका सदस्यका लागि ऋणका स्रोतहरु (Sources of Loan for co-operativeMember)

नमुना छनौटमा परेका व्यापारी सदस्यहरुको सहकारीमा संलग्न हुनु भन्दा अघि र पछि ऋणका स्रोतहरु सहकारी बैंक, ईष्टमित्र तथा विविध संस्था, साहुमहाजन र अन्य छिमेकी रहेको पाइयो । उक्त सदस्यहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त ऋण लिने स्रोतको विवरणलाई तलको तालिकामा देखाएको छ ।

**तालिका ४.१६**

**सहकारीमा प्रवेश गर्नु अघि र पछिका ऋणका स्रोतहरु २०७०**

| क.सं. | ऋणका स्रोत | प्रवेश गर्नु अघि २०६६ | | प्रवेश गर्नु पछि २०७० | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | सहकारी | - | - | ५५ | ५५ |
| २. | बैंक तथा वित्तिय संस्था | ३५ | ३५ | २९ | २९ |
| ३. | साहु महाजन | ५३ | ५३ | १० | १० |
| ४. | अन्य | १२ | १२ | ६ | ६ |
| | **जम्मा** | १०० | १०० | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१।

प्रस्तुत तालिका ४.१६ अनुसार अध्ययन क्षेत्रमा परेका सहकारीमा संलग्न व्यापारी सदस्यहरुले सहकारी संस्थाको स्थापना हुनुभन्दा अघि सवै भन्दा बढी साहु महाजनबाट लिने

गरेको पाइयो । बैंक तथा वित्तिय संस्थाबाट ३५ प्रतिशत र अन्य छिमेकी इष्टमित्रबाट १२ प्रतिशतले लिने गरेको पाइयो । त्यसै गरी सहकारी संस्थामा प्रवेश गरिसकेपछि सहकारीबाट ५५ प्रतिशतले ऋण लिने गरेको पाइयो । त्यसैबाट बैंक तथा वित्तिय संस्थाबाट २९ प्रतिशतले भने साहुमहाजनबाट १० प्रतिशतले लिएको पाइयो । अन्यबाट ट प्रतिशतले लिएको पाइयो ।

### ४.५.२ ऋणका विभिन्न स्रोतका लागि व्याजदर (Interest Rate for Various Sources of Loan)

नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका व्यापारी सदस्यहरुले यस संस्थामा संलग्न हुनु भन्दा अघि विभिन्न क्षेत्रबाट लिने गरेको पाइएको छ । ऋणको स्रोत अनुसार ब्याजदरमा फरक पर्ने हुनाले सहकारी र अन्य स्रोतको व्याजदर सम्बन्धि व्यवस्थालाई तलको तालिकामा देखाएको छ ।

**तालिका ४.१७**

**ब्याजदर सम्बन्धि व्यवस्था २०७०**

| क्र.सं. | ऋणको स्रोत | ब्याजदर प्रतिशतमा |
|---|---|---|
| १. | सहकारी | १८ |
| २. | बैंक तथा वित्तिय संस्था | २० |
| ३. | साहुमहाजन | २४ |
| ४. | इष्टमित्र | २४ |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

प्रस्तुत तालिका ४.१७ अनुसार अध्ययन क्षेत्रमा परेका सहकारीमा संलग्न व्यापारी सदस्यहरुले सहकारी संस्थाको स्थापना हुनु भन्दा अघि विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार ब्याजदरमा फरक रहेको पाइएको छ । यसले सहकारीबाट १८ प्रतिशतले, बैंक तथा वित्तिय संस्थाबाट २० प्रतिशतले, साहुमहाजनबाट २४ प्रतिशतले अन्य छिमेकी इष्टमित्रबाट २४ प्रतिशतले ऋण लिने गरेको पाइएको छ ।

### ४.५.३ सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Taling Lown from Co-operative)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, भवन निर्माण र वैदेशिक रोजगारका लागि ऋण दिने गरेको पाइयो । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यापारी सदस्यहरुले कुन कुन उद्देश्यका लागि कतिले ऋण लिदा रहेछन् भन्ने कुराको अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा देखाएको छ ।

**तालिका ४.१८**

**ऋण लिनुको उद्देश्य जनसंख्या र प्रतिशत २०७०**

| क्र.सं. | ऋण लिनुको उद्देश्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | व्यापार | २५ | २५ |
| २. | शिक्षा | १८ | १८ |
| ३. | वैदेशिक रोजगार | २२ | २२ |
| ४. | भवन निर्माण | १४ | १४ |
| ५. | स्वास्थ्य उपचार | ७ | ७ |
| ६. | उपभोग खर्च | १४ | १४ |
| | **जम्मा** | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

प्रस्तुत तालिका ४.१८ अनुसार सहकारीतामा संलग्न व्यापारी सदस्यहरुले विभिन्न प्रयोजनका लागि ऋण लिएको पाइएको थियो । जस मध्ये व्यापारका लागि २५ प्रतिशत पाइयो भने शिक्षाका लागि १८ प्रतिशत, बैदेशिक रोजगारका लागि २२ प्रतिशत, भवन निर्माणका लागि १४ पैतिशत, स्वास्थ्य उपचारका लागि ७ प्रतिशत र उपभोग खर्चका लागि १४ प्रतिशत रहेको पाइयो । जसमा सबै भन्दा बढी व्यापार व्यावसायका लागि २५ प्रतिशत र सबै भन्दा कम स्वास्थ्य उपचारका लागि ७ प्रतिशत भएको पाइयो ।

## ४.६ सहकारीका सदस्यहरुको आर्थिक अवस्था (Economic Condition of co-operative Member)

यँहा भूमि वितरणलाई रोपनीको आधारमा वर्गिकरण गरिएको छ । भूमिको वितरण भन्नाले सदस्यहरुको आफ्नो स्वामित्वमा प्रयोग हुने जग्गाको मात्र हो । अध्ययन क्षेत्रमा भूमिको वितरणको अवस्था कस्तो छ भन्ने सम्बन्धमा गरिएको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ ।

### तालिका ४.१९

### भूमिको स्वामित्व २०७०

| भूमिको मात्रा रोपनीमा | संलग्न हुनु अधिकोसदस्य २०६६ | | | संलग्न भएपछिकोसदस्य २०७० | | |
|---|---|---|---|---|---|---|
| | संख्या | जम्मा भूमि रोपनी | प्रतिशत | संख्या | जम्मा भूमि रोपनी | प्रतिशत |
| भूमि हिन | १३ | - | - | - | - | - |
| ०-१ | २६ | २३ | १४.०३ | ३० | २७ | १३.१२ |
| १-२ | ४२ | ७६ | ४६.३४ | ४५ | ८७ | ४२.२३ |
| २-३ | १० | २८ | १७.०७ | १४ | ३६ | १७.४७ |
| ३ भन्दा माथि | ९ | ३७ | २२.५६ | ११ | ५६ | २७.१८ |
| **जम्मा** | १०० | १६४ | १०० | १०० | २०६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिकामा ४.१९ सहकारीमा संलग्न सदस्यहरुको आफ्नो स्वामित्व वा आफ्नो नाममा भएको जग्गाको विवरण देखाएको छ । नमुना छनौटमा परेको व्यापारी सदस्यहरुको जग्गा सम्बन्धि विवरण हेर्दा संलग्न हुनु अघि भूमिहिन सदस्यहरु १३ जना रहेका थिए भने सबै भन्दा धेरै १-२ रोपनी सम्म जग्गा हुने ४६.३४ प्रतिशत रहेको पाइयो र यस संख्यामा संलग्न भएपछि भूमिहिन र सबै भन्दा धेरै जग्गा हुने ४२.२३ प्रतिशत १-२ रोपनी सम्म रहेको पाइएको थियो ।

## ४.६.१ ब्यावसायमा गरिएको लगानी रकमको स्रोत र आकार (Source and Size of Investment in Business)

### तालिका ४.२०

### लगानी रकमको स्रोत र आकार २०७०

| क्र.सं. | लगानि गरिएको स्रोत | आकार रु (०००मा) | सदस्य संख्या |
|---|---|---|---|
| १. | सहकारी | २०-१०० | २७ |
| २. | बैंक | ५०-१०० | २० |
| ३. | साहुमहाजन | १०-५० | १५ |
| ४. | बैदेशिक रोजगार | १००-१५० | १८ |
| ५. | जग्गा विक्रि | १५०-२०० | ९ |
| ६. | जागिर | ५०-८० | ११ |
| **जम्मा** | | १,१२,१५,२००।- | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७१ ।

प्रस्तुते तालिकामा ४.२० व्यापारी सदस्यहरुको रकमको स्रोत र आकारलाई देखाइएको छ । नमुना छनौटमा परेका व्यापारी सदस्यहरु मध्ये सहकारीबाट २० हजार देखि १ लाखसम्म ऋृण लिएर व्यावसाय गर्ने २७ जना, बैंकबाट ५० हजार देखि १ लाख सम्म ऋृण लिएर लगानि गर्ने २० जना, साहुमहाजनबाट १० हजार देखि ५० हजार सम्म ऋृण लिएर लगानी गर्ने १५ जना, बैदेशिक रोजगारमा १ लाख देखि १ लाख ५० हजार सम्म लगानी गर्ने १९ जना, जग्गा बिक्रिबाट १ लाख ५० हजार देखि २ लाखसम्म लगानी गर्ने ९ र जागिरबाट ५० हजारदेखि ८० हजारसम्म लगानी गर्ने ११ जना पाइयो । जम्मा लगानी कुल रकम रु.१,१२,१५,२००।- रहेको थियो ।

### ४.६.२ पेशागत वार्षिक आम्दानी (Occupationalwise Annual Income)

नमुना छनौटमा परेका सहकारीमा भएका सदस्य व्यापारीहरु अथवा महिलाहरु होटल, कपडा, औषधि पसल, तरकारी पसल, व्युटि पार्लर र भाडा पसल पेशामा संलग्न भई आम्दानी गरेको पाइयो । यस प्रकारका व्यापारमा सदस्यहरुले सहकारीबाट प्राप्त ऋृण, आय र अन्य स्रोतबाट प्राप्त आयको संयुक्त रकमलाई लगानी गरेको पाइयो । त्यसैले यँहा सहकारीबाट लिएको ऋृणको मात्र नभई सम्पूर्ण लगानीबाट प्राप्त आयलाई संयुक्त रुपमा देखाइएको छ । उल्लेखित पेशाबाट अध्ययन सर्वेक्षण गर्दाको समयमा व्यापारीहरुले प्राप्त गरेको आम्दानीलाई छुट्टा-छुट्टै तहको तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**सदस्यको पेशागत वार्षिक आम्दानी २०७०**

| क्र. सं. | व्यापारीको प्रकृति | सहकारी संस्थामा संलग्न हुनु अघि (२०६६) | | | सहकारी संस्थामा संलग्न भएपछि (२०७०) | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा आम्दानी | संख्या | प्रतिशत | जम्मा आम्दानी | संख्या | प्रतिशत |
| १. | किराना पसल | २२,१८,२०० | १६ | १७.६७ | ३०,३८,६०० | १६ | १७.१२ |
| २. | फेन्सी | ११,१९,६५० | १५ | ८.९२ | २०,२२,६५० | १५ | ११.३९ |
| ३. | होटल | २९,१४,००० | १८ | २३.२२ | ३५,१४,५०० | १८ | १९.८० |
| ४. | कपडा पसल | २६,५६,००० | १७ | २१.१६ | ३७,२२,१५० | १७ | २०.९७ |
| ५. | व्युटि पार्लर | ५,४५,३६० | ६ | ८.३५ | ९,६६,९२० | ६ | ५.४५ |
| ६. | औषधि पसल | १७,६६,५७० | ९ | १४.०८ | २५,१७,३७० | ९ | १४.१८ |
| ७. | तरकारी पसल | ८,८५,७०० | १० | ७०.८४ | १२,१३,५८० | १० | ६.८४ |
| ८. | भाडा पसल | ४,४४,७९० | ९ | ३.५४ | ७,५५,९६० | ९ | ४.२६ |
| | **जम्मा** | १,२५,५०,२७० | १०० | १०० | १,७७,५१,७२० | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण ,२०७१ ।

सहकारीमा संलग्न भईसकेपछि सदस्यको वार्षिक आम्दानी रु.१,७७,५१,७२०, सहकारीमा संलग्न हुनु पहिलाको सदस्यको वार्षिक आम्दानी रु.१,२५,५०,२७० भएको र यी दुई विचको अन्तर रु.५२,०१,४५०।-

नमुना छनौटमा परेका सदस्यहरु सहकारीमा संलग्न भईसकेपछिको वार्षिक जम्मा आम्दानी रु. १,७७,५१,७२० र त्यसैगरी सहकारीमा संलग्न हुनु अघि रु.१,२५,५०,२७० रहेको पाइयो । सदस्यहरुको किराना, फेन्सी, कपडा, व्युटि पार्लर, औषधि पसल, तरकारी पसल र भाडा पसलबाट क्रमशः १७.१२, ११.३९, १९.८०, २०.९७, ५.४५, १४.१८, ६.८४, ४.२६ यसमा सवै भन्दा बढी सहकारीमा संलग्नता मध्ये कपडा पसलबाट आम्दानी भएको पाइयो । सवै भन्दा कम आम्दानी भाडा पसलबाट भएको पाइयो । सहकारीमा संलग्न हुनु भन्दा अघि सवै भन्दा बढी आम्दानी होटलबाट भएको २३.२२ भएको पाइयो भने सवै भन्दा कम आम्दानी भाडा पसलबाट नै भएको पाइयो । सहकारीबाट ऋण लिई व्यापार व्यावसाय गर्दाको आम्दानीबाट सो भन्दा अगाडिको आम्दानी घटाउदा जम्मा रु.५२,०१,४५०।- को अन्तर रहेको पाइयो ।

### ४.६.३ सहकारीमा संलग्न हुन अघि र पछिको आम्दानी विवरणको तुलना (Comparative the Income of Member Involving Before and After in Co-operative)

नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको सहकारीमा संलग्न हुन अघि र संलग्न भईसकेपछिको आम्दानीको विवरण स्थिति सम्बन्धमा पनि अध्ययन गरिएको थियो । बस्तु तथा सेवाको मुल्यमा वृद्धिका कारण आम्दानीको आकारमा दुई अवधिको रकममा ठूलो अन्तर देखाएता पनि प्रतिशतका आधारमा केही उपलब्धिहरु भएको तथ्य देखिन्छ । अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त आम्दानी विवरणको तुलनामा तलको तालिकामा दर्शाइएको छ ।

तालिका ४.२२

तहगत आम्दानीको विवरण अवस्था २०७०

| क.सं. | वार्षिक आम्दानी (रु.०००) | संलग्न हुनु अघि( २०६६) | | संलग्न भएपछि(२०७०) | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | ०-५० | २० | २० | - | - |
| २. | ५०-१०० | १९ | १९ | १९ | १९ |
| ३. | १००-१५० | १८ | १८ | १८ | १८ |
| ४. | १५०-२०० | १७ | १७ | १७ | १७ |
| ५. | २००-३०० | १४ | १४ | १४ | १४ |
| ६. | ३०० भन्दा माथि | १२ | १२ | १२ | १२ |
| | जम्मा | १०० | १०० | १०० | १०० |
| | जम्मा वार्षिक आम्दानी | १,२५,५०,२७०।- | | १,७७,५१,७२०।- | |
| | प्रतिव्यक्ति औषत आम्दानी | १२५५०२.७ | | १७७५१७.२ | |

स्रोतः स्थलगत सर्वेक्षण,२०७१ ।

प्रस्तुत तालिका ४.२२ अनुसार नमुना छनौटमा परेका सदस्यहरुको वार्षिक आम्दानी सहकारीमा संलग्न हुनु अघि र पछि के कति छ भन्ने कुराको तुलनात्मक अध्ययन गरिएको थियो । उक्त अध्ययन अनुसार ० देखि ५० हजारसम्म आम्दानी हुने सहकारीमा संलग्न हुन अघि २० जना थिए भने सहकारीमा संलग्न भएपछि कोहि पनि नभएको देखियो । ५० हजार देखि १ लाखसम्म आम्दानी हुने सहकारीमा संलग्न हुनु अघि १९ जना थिए भने सहकारीमा संलग्न भएपछि आम्दानी बढी हुनेको संख्या बढ्दो छ भने संलग्न हुनु अघिको संख्या घट्दो छ । सबैभन्दा धेरै आम्दानी हुने ० देखि ५० सम्मका २० जना रहेको पाइयो भने संलग्न हुनु अगाडि जम्मा वार्षिक आम्दानी रु.१,२५,५०,२७० र औषत आम्दानी रु.१२५५०२.७ रहेको र संलग्न भएपछि जम्मा वार्षिक आम्दानी रु.१,७७,५१,७२० र औषत आम्दानी रु.१७७५१७.२ रहेको पाइयो ।

### ४.६.४ आयमा सहकारीबाट प्राप्त ऋण लगानीको योगदान (Contribution of Investment Income Lown Recevie from Co-operative)

नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका व्यापारी सदस्यहरुको किराना पसल, होटल, फेन्सी, औषधि पसल, तरकारी पसल, व्युटि पार्लर, कपडा पसल र अन्यबाट जम्मा वार्षि आम्दानी रु.१,७७,५१,७२० भएपति यो सबै आम्दानी सहकारीबाट प्राप्त ऋण

लगानीको मात्र नभई सम्पूर्ण वा कुल लगानीको योगदान थियो तर सहकारीबाट ऋण लिई व्यावसायमा थप लगानी गर्दा तपाईको आम्दानीमा कतिले वृद्धि भएको छ भनि सहकारीमा संलग्न व्यापारी सदस्यहरुलाई सोध्दा उनिहरुलो दिएको उत्तरको आधारमा कुल आयमा सहकारीबाट प्राप्त ऋण लगानीको योगदान देखाएको छ । यसलाई तालिकाबाट यसरी देखाएको छ ।

**तालिका ४.२३**

**कुल आयमा सहकारीबाट प्राप्त ऋण लगानीको योगदान २०७०**

| क.सं. | आम्दानीको स्रोत | जम्मा आम्दानी (रु.मा) | ऋण लगानीबाट प्राप्त आय | ऋण लगानीबाट प्राप्त आयको हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| १. | किराना पसल | ३०,३८,६०० | ११,२०,१२५ | ९६.८६ |
| २. | होटल | ३५,१४,५०० | ५,५२,३०० | २७.३१ |
| ३. | फेन्सी | २०,२२,६५० | ३,१२,४८५ | ८.८९ |
| ४. | कपडा पसल | ३७,२२,१५० | १७,५०,५६१ | ४७.०३ |
| ५. | व्युटि पार्लर | ९,६६,९२० | २,२१,३१९ | २२.८९ |
| ६. | औषधि पसल | २५,१७,३७० | ४,३१,२४६ | १७.१३ |
| ७. | तरकारी पसल | १२,१३,५८० | ७,०८,२०० | ५८.३६ |
| ८. | भाडा पसल | ७,५५,९६० | १,०५,२१४ | १३.९२ |
| **जम्मा** | | १,७७,५१,७२० | ५२,०१,४५० | २९.३० |
| **प्रतिव्यक्ति औषत आम्दानी** | | १७७५१७.२ | ५२०१४.५ | २९.३० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिकामा ४.२३सहकारीबाट हुने आम्दानीलाई देखाइएको छ । सहकारीले संलग्न विभिन्न किसिमको व्यापारी सदस्यहरुलाई ऋण प्रदान गर्ने भएकाले हरेक किसिमको व्यापारमा सहकारीको केहि प्रतिशत सहयोग रहेको पाइयो । विभिन्न किसिमको व्यापारमा संलग्न व्यापारीहरुले सहकारीबाट ऋण लिएर व्यापार गरेको पाइयो । किराना पसल गर्ने सदस्यहरुको जम्मा आम्दानीको ३३.८६ प्रतिशत आम्दानी सहकारीको कारणबाट भएको पाइयो । फेन्सी पसल गर्ने सदस्यहरुको जम्मा आम्दानीको ८.८३ प्रतिशत आम्दानी सहकारीको कारणबाट भएको पाइयो । होटल गर्नेहरुको आम्दानीको जम्मा आम्दानीको २७.३१ प्रतिशत भएको पाइयो । कपडा पसल गर्नेहरुको जम्मा आम्दानीको ४७.०३ प्रतिशत सहकारीको कारणबाट भएको पाइयो । व्युटि पार्लर गर्ने सदस्यहरुको जम्मा आम्दानीको

२२.८९ प्रतिशत सहकारीको कारणबाट भएको पाइयो । औषधि पसल गर्नेहरुको जम्मा आम्दानीको १७.१३ प्रतिशत सहकारीको कारणबाट गरेको पाइयो । त्यसै गरी तरकारी पसल गर्नेहरुको जम्मा आम्दानीको ५०.३६ प्रतिशतले सहकारीको कारणबाट गरेको पाइयो । भाडा पसल गर्नेको जम्मा आम्दानीको १३.९२ प्रतिशत सहकारीको कारणबाट भएको पाइयो । समग्रमा सहकारीबाट प्राप्त ऋण लगानीले आम्दानीमा गरेको वृद्धि वा कुल आम्दानीमा पुऱ्याएको योगदान २९.३० प्रतिशत रहेको पाइयो ।

### ४.६.५ क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure)

नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका व्यापारी महिलाहरु उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । उनीहरुको आम्दानीबाट वर्षमा कुन-कुन क्षेत्रमा खर्च गर्दा रहेछन् भनि गरिएको अध्ययन अनुसार अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**क्षेत्रका आधारमा वार्षिक खर्च विवरण २०७०**

| क्र.सं. | खर्चको विवरण | संलग्न हुनुभन्दा अघि२०६६ | | संलग्न भएपछि२०७० | |
|---|---|---|---|---|---|
| | | खर्च रकम रु.मा | प्रतिशत | खर्च रकम रु.मा | प्रतिशत |
| १. | उपभोग | २७,६६,४५५ | ३२.२८ | ३६,७२,४५० | ३१.५३ |
| २. | शिक्षण | २५,१२,२४५ | ३०.२२ | ३०,५९,४८३ | २६.२७ |
| ३. | स्वास्थ्य | १०,३२,७५० | १२.४२ | १३,६५,२३० | ११.६२ |
| ४. | चाडपर्व | १२,२५,६१६ | १४.७४ | २५,४४,१२३ | २१.८४ |
| ५. | अन्य | ७,७५,३६५ | ९.३३ | १०,१५,१५७ | ८.७२ |
| | **जम्मा** | ८३,१२,४३१ | १०० | १,१६,४६,४४३ | १०० |
| | **औषत प्रतिव्यक्ति खर्च** | ८३,१२४.३१ | | १,१६,४६४.४३ | |

स्रोत: स्थलगत सर्वेक्षण,२०७१ ।

तलिका ४.२४ अनुसार सहकारीमा संलग्न भएका व्यापारी महिला सदस्यहरुको वार्षिक खर्च विवरण देखाइएको छ । सदस्य महिलाहरुको आम्दानीको जम्मा खर्च

रु.१,१६,४६,४४३ र औषत प्रतिव्यक्ति खर्च रु.१,१६,४६४.४३ रहेको पाइयो । सहकारीमा संलग्न महिला सदस्यहरुले उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्यमा क्रमशः ३१.५३, २६.२७, ११.६२, ११.८४ र ८.७२ प्रतिशत रकम खर्च गरेको पाइयो भने संलग्न हुनुभन्दा अगाडि जम्मा वार्षिक खर्च रु.८३,१२,४३१ र औषत वार्षिक खर्च रु. ८३,१२४.३१ रहेको पाइयो भने सहकारी संस्थामा संलग्न हुनु भन्दा अघिको तुलनामा संलग्न भएपछिको हरेक क्षेत्रको खर्चमा वृद्धि भएको पाइयो ।

### ४.६.६ तहगत वार्षिक वचत (Levelwise Annual Saving)

सहकारीको मान्यता अनुसार बचत भन्नाले आम्दानीबाट खर्च गर्ने रकममा कटौती गरी जम्मा गरेको रकम नै बचत हो । नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका महिला, व्यापारी सदस्यहरुले आफ्नो आयबाट वार्षिक रुपमा कति खर्च गर्दा रहेछन् भनी अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षणको समयबाट प्राप्त वार्षिक वचतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**वार्षिक वचतको अवस्था २०७०**

| क्र.सं. | वार्षिक वचत | संलग्न हुनुभन्दा अघि२०६६ | | संलग्न भएपछि २०७० | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | १०,०००-२०,००० | ३२ | ३२ | ३२ | ३२ |
| २. | २०,०००-४०,००० | २३ | २३ | २३ | २३ |
| ३. | ४०,०००-६०,००० | १६ | १६ | १६ | १६ |
| ४. | ६०,०००-८०,००० | १४ | १४ | १४ | १४ |
| ५. | ८०,०००-१,००,००० | ७ | ७ | ७ | ७ |
| ६. | १,००,०००-१,५०,००० | ६ | ६ | ६ | ६ |
| ७. | १,५०,००० भन्दा माथि | २ | २ | २ | २ |
| | **जम्मा** | १०० | १०० | १०० | १०० |
| | **जम्मा वार्षिक वचत** | ४९,४५,०६७ | ४७.३१ | १,००,३१,३४७ | ३९.१० |
| | **औषत प्रतिव्यक्ति वचत** | ४९,४५०.६७ | | १,००,३१३.४७ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

प्रस्तुत तालिका४.२५ अनुसार वार्षिक बचत रु.१०,००० देखि २०,००० बचत गर्ने जम्मा व्यापारी सदस्यहरु ३२ प्रतिशत रहेको पाइयो । वार्षिक वचत रु.२०,००० देखि ४०,००० सम्म बचत गर्ने व्यापारी २३ प्रतिशत रहेको पाइयो । यसै गरी एवं रितले सहकारीमा संलग्न हुनु अघि सदस्यहरुको जम्मा वार्षिक वचत रु.४९,४५,०६७ र औषत प्रतिव्यक्ति वचत रु.४९,४५०.६७ रहेको पाइयो भने संलग्न भएपछि जम्मा वार्षिक वचत रु.१,००,३१,३४७ र औषत वार्षिक वचत रु.१,००,३१३.४७ रहेको पाइयो ।

## ४.७ शैक्षिक अवस्था (Educational Condition)

सहकारी संस्थामा संलग्न भएका व्यापारी सदस्यहरुको शैक्षिक अवस्था, उनीहरुको वालवालिकाको शैक्षिक अवस्था, उनीहरुले पढ्ने विद्यालय (निजी र सरकारी) का वारेमा अध्ययन गरिएको थियो । जसलाई छुट्टा-छुट्टै शिर्षकमा देखाउन सकिन्छ ।

### ४.७.१ सहकारीकान सदस्यहरुको शैक्षिक अवस्था (Educational Status of CO-operative Members)

नमुना छनौटमा परेका व्यापारी सदस्यहरुको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षरमा साधारण पढ्न लेख्न नसक्ने र साक्षर भन्नाले औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरु वा सामान्य रुपमा पढ्न लेख्न सक्ने भएकालाई राखिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**उत्तरदाताको शैक्षिक अवस्था २०७०**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | १० | १० |
| २. | साक्षर | ९० | ९० |
| | **जम्मा** | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७० ।

प्रस्तुत तालिका ५.२६ का अनुसार नमुना छनौटमा परेका सहकारीमा संलग्न भएका व्यापारी सदस्यहरुको वर्तमान शैक्षिक अवस्थालाई निरक्ष र साक्षरको आधारमा देखाइएको छ । निरक्षर १० र साक्षर ९० प्रतिशत रहेको पाइयो ।

### ४.७.२ सहकारीका सदस्यहरुको तहगत शैक्षिक अवस्था (Levalwise Education Status of Co-operative Members)

नमुना छनौटमा सदस्यहरुको तहगत शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., मा.वि., उच्च मा.वि. को तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षरमा साधारण लेख्न सक्ने नसक्ने, साक्षर भन्नाले औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरु वा सामान्य रुपमा पढ्न लेख्न सक्ने, प्रा.वि.मा प्रा.वि. उत्तिण भएका मा.वि. मा मा.वि. उत्तिर्ण भएका र उच्च मा.वि. उच्च मा.वि. उत्तिर्ण भएकालाई राखिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**उत्तरदाताहरुको शैक्षिक अवस्था**

| क्र.सं. | शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | ५ | ५ |
| २. | साक्षर | १५ | १५ |
| ३. | प्रा.वि. | १७ | १७ |
| ४. | मा.वि. | २५ | २५ |
| ५. | उच्च मा.वि. | ३३ | ३३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

